**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**

च्याम्हासिंह, भक्तपुर–९, फोन नं. ६६१४६८६

**भक्तपुर आई स्मार्ट डिजिटल बैङ्किङ सेवा तथा एस.एम.एस. सेवा शुल्कसम्बन्धी सूचना**

यस संस्थाको भक्तपुर आई स्मार्ट डिजिटल बैङ्किङ सेवा तथा एस.एम.एस. सेवा मिति २०८१ साउन १ गतेदेखि सदस्यहरूमा नि:शुल्क उपलब्ध गर्दै आइरहेकोमा २०८३ साउन १ गतेबाट मोबाइल बैङ्किङ सेवा तथा एस. एम. एस. सेवा लिएबापत वार्षिक रू. १००/- (अक्षरेपी एकसय मात्र) शुल्क लाग्ने जानकारी गराइन्छ । उक्त सेवा लिन नचाहने सदस्यहरूले २०८३ साउन १५ गतेभित्र संस्थामा आई लिखित तथा मौखिक जानकारी दिनुहुन हार्दिक अनुरोध गर्दछौं । अन्यथा मोबाइल बैङ्किङ सेवा तथा एस. एम. एस. सेवा लिन मञ्जुर भएको मानी सम्बन्धित व्यक्तिको खाताबाट रू. १००/- कट्टी गरिनेछ ।



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं**

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

नेपाल सरकार विज्ञापन बोर्ड



★ वर्ष : २८ ★ अङ्क : १८२ ★ ने. सं. ११४६ दिला थ्व, दशमी ★ शुक्रबार ★ ८ साउन, २०८३ ★ July 24, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





संरा अमेरिकाको न्युयोर्क सहरस्थित सङ्घीय अदालतबाहिर अपहरण गरिएका भेनेजुयाली राष्ट्रपति निकोलस मादुरो र उहाँकी श्रीमती सिलिया फ्लोरेसलाई अविलम्ब रिहा गर्न माग गर्दै विरोध प्रदर्शन गर्दै संरा अमेरिका–भेनेजुयला ऐक्यबद्धता समितिका सदस्यहरू जुलाई २२, २०२६ को दिन । यसैबिच एक अमेरिकी न्यायाधीशले उहाँहरूविरुद्धको झूटा अभियोगबारे सुनुवाइ जून १, २०२७ मा मात्र गर्ने निर्णय दिएका छन् । *तस्बिर : सिन्हवा/फाङ फेङगुओ*

# देशको अवस्थाबारे उब्जिएका प्रश्नहरू

- भदौ दोस्रो साता ७ गतेदेखि १३ (अगस्ट २३ देखि २९) गतेसम्म काठमाडौंमा 'इन्टरनेसनल एसोसिएसन फर तिब्बती स्टडिज'को १७ औं अन्तर्राष्ट्रिय गोष्ठी हुन लागेको सार्वजनिक भयो । यसप्रति नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले पनि चासो लिनुभयो । अमेरिकी डलरको भरमा भारत प्रवासमा रहेका दलाई लामालाई नेपालमा गतिविधि गर्ने अवसर दिएर के रास्वपा सरकार अमेरिकी गोटी बन्दै गरेको हो ? के रास्वपा सरकार एक चीन नीति विरोधी हो ? के रास्वपाले नेपाली भूमि चीनको विरोधमा प्रयोग गराउँदै छ ?
- मालपोत तथा नापी कार्यालयले दिँदै आएको भूमि प्रशासनसम्बन्धी सेवाहरू स्थानीय तहमा दिन लागेको समाचार प्रकाशित भयो । मालपोत कार्यालयलाई यथावत राखेर सरकारको यो कदम कसरी कार्यान्वयन होला ? एउटै काम दुई निकायलाई किन ?
- सरकारले नदी प्रदूषण गर्ने उद्योगलाई ६० लाखसम्म जरिवाना गरिएको समाचार प्रकाशित भयो । तर, काठमाडौं उपत्यका र देशका मुख्य मुख्य सहरबाट टाढा उद्योग स्थानान्तरण नगरिएसम्म यो समस्या समाधान हुनेछैन ।
- सर्वोच्च अदालतले एनसेल आजियाटामा कार्यरत जनशक्ति विषयमा अधिकांश तथ्य लुकाएको ठहर गऱ्यो । १५ मङ्सिर २०८० मा एनसेलले गरेको ८० प्रतिशत सेयर

*बाँकी पृष्ठ ८ मा*

# सक्षम प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले ख्वप इन्जिनियरिङ कलेजको स्थापना



भक्तपुर, ७ साउन । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजको आयोजनामा दुईदिने 'आरोहण २' राष्ट्रिय प्रदर्शनी बिहीबार एक विशेष समारोहबिच शुभारम्भ भयो । बी.ई. तथा बी.आर्क. अध्ययनरत विद्यार्थीहरू र ख्वप आर्किटेक्चरल स्टुडेन्ट्स एक्टिभिटी सर्कलको नेतृत्वमा आयोजित उक्त प्रदर्शनी साउन ७ र ८ गते बिहान ९:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म कलेज परिसरमा सञ्चालन गरिएको छ ।

प्रदर्शनीमा वास्तुकलाका थेसिस, इन्जिनियरिङका अन्तिम वर्षका परियोजनाहरू, डिजाइन स्टुडियोका कार्यहरू, अनुसन्धानमूलक सिर्जनाहरू, नवीन प्रविधिमा आधारित नमुनाहरू तथा विविध प्रदर्शनी स्टलहरू राखिएका छन् । यसले विद्यार्थीहरूको सिर्जनशीलता, प्राविधिक दक्षता तथा व्यावहारिक सीपलाई विद्यार्थी, प्राध्यापक, पेसागतविज्ञ तथा सर्वसाधारणसमक्ष प्रस्तुत गर्ने अवसर प्रदान गरेको छ ।

कार्यक्रमको उद्घाटन भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले गर्नुभयो । उद्घाटन समारोहलाई सम्बोधन गर्दै उपप्रमुख तथा ख्वप इन्जिनियरिङ कलेज व्यवस्थापन समितिका उपाध्यक्ष आर्किटेक्ट रजनी जोशीले कलेजले आफ्नो स्थापनाको २५ औं वर्ष मनाइरहेको उल्लेख गर्दै कलेज स्थापना गर्न गरिएको सङ्घर्ष र समर्पणको स्मरण गर्नुभयो । उहाँले सक्षम प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले कलेज स्थापना गरिएको बताउँदै त्यस उद्देश्यलाई सफल बनाउन अनुशासित, मेहनती तथा समर्पित शिक्षक–कर्मचारी र विद्यार्थीहरूको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्नुभयो ।

उहाँले पाठ्यक्रममा आधारित अध्ययनसँगै अतिरिक्त क्रियाकलापहरूले विद्यार्थीहरूको व्यक्तित्व विकास, नेतृत्व क्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो ।

उपप्रमुख जोशीले अन्तरविषयगत सहकार्यले विभिन्न विषयका विद्यार्थीहरूबिच सहकार्यको भावना विकास गर्नुका साथै कक्षाकोठामा आर्जित सैद्धान्तिक ज्ञान र सीपलाई व्यावहारिक जीवन तथा पेसामा रूपान्तरण गरी राष्ट्र र जनताको सेवामा समर्पित हुन प्रेरणा प्रदान गर्ने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य इन्जिनियर सुजन माकले प्रदर्शनीमा प्रस्तुत विद्यार्थीहरूको सिर्जनशीलता, सीप, लगनशीलता तथा समर्पणप्रति प्रशंसा गर्नुभयो । उहाँले यस्ता प्रदर्शनीहरू विद्यार्थीहरूबिच ज्ञान, अनुभव र नवीन विचारहरूको आदानप्रदान हुने उत्कृष्ट पीयर–लर्निङ मञ्च भएको उल्लेख गर्दै यसले शिक्षालाई अझ जीवनोपयोगी, व्यावहारिक र मूल्यवान बनाउने बताउनुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य इन्जिनियर सुनिल दुवालले यस्ता कार्यक्रमहरू विद्यार्थी जीवनका अविस्मरणीय अनुभव बन्ने उल्लेख गर्दै यस्ता गतिविधिहरूले कक्षाकोठामा हासिल गरिएको ज्ञानलाई व्यवहारमा प्रयोग गर्न अवसर प्रदान गर्ने र सिकाइ प्रक्रियालाई

*बाँकी पृष्ठ ८ मा*


**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी, भक्तपुर

**सहकारी संस्थाहरूलाई जरुरी सूचना**

**प्रकाशित मिति: २०८३/४/८ गते**

यस नगरपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरूले तपसिलबमोजिम गर्नु गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. भक्तपुर नगरपालिकाको सहकारी ऐन, २०७४ को दफा ५३ उपदफा १(क) (दोस्रो संशोधन) अनुसार आ.व. २०८२/०८३ को संस्थाको लेखापरीक्षण नगरपालिकाबाट स्वीकृति लिई मात्र लेखापरीक्षण गराउनुपर्नेछ । आ.व. २०८२/०८३ को लेखापरीक्षण २०८३ सालको असोजभित्र लेखापरीक्षण गराई पौष मसान्तभित्रमा साधारणसभा सम्पन्न गरी १५ दिनभित्र भक्तपुर नगरपालिकामा प्रतिवेदन पेस गर्नुपर्नेछ ।

२. लेखापरीक्षक नियुक्तिको स्वीकृत लिन संस्थाको अनुरोधपत्र, लेखापरीक्षक नियुक्तिको साधारणसभाको निर्णय, सम्बन्धित वडा कार्यालयमा संस्थाले वार्षिक शुल्क, सरसफाइ र बहालकर तिरेको रसिदको फोटोकपी, लेखा व्यवसायीको व्यवसाय दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, पान वा भ्याटमा दर्ताको कपी, नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको लेखापरीक्षण प्रमाणपत्र नवीकरण रसिदको फोटोकपी, सम्बन्धित स्थानीय तहमा लेखापरीक्षण व्यवसाय दर्ताको प्रमाणपत्र र आ.व. २०८१/०८२ मा छुट्याएको सामुदायिक विकास कोषको ५० प्रतिशत रकम नगरपालिकामा बुझाएको भौचर/रसिदको फोटोकपी संलग्न गर्नुपर्नेछ ।

३. आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन पेस गरेकोमा लेखा नीति तथा टिप्पणी, सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका २०७५ अनुसार लेखापरीक्षकले भर्नुपर्ने लामो फाराम लेखापरीक्षण प्रतिवेदन पेस नगर्ने लेखापरीक्षकहरूलाई लेखापरीक्षण स्वीकृति दिन कार्यालय बाध्य हुनेछैन ।


# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ६४

**जिल्ला प्रशासन कार्यालय (बर्दघाट सुस्तापूर्व)**

२०८२ भदौ २३ र २४ गतेको जेन–जेड प्रदर्शनको अनुमतिका लागि यस कार्यालयमा कुनै पनि व्यक्ति वा समूहबाट निवेदन प्राप्त भएको थिएन । भदौ २४ गते आयोजना गरिएको प्रदर्शन र मोटरसाइकल ऱ्यालीमा १५ देखि ४० वर्ष उमेर समूहका व्यक्तिहरू सहभागी भएका थिए । २४ गते बिहान १०:३० बजेको समयमा करिब २५००–३००० जनाको समूहले सर्वप्रथम नारा जुलुससहित जिल्ला प्रशासन कार्यालय रहेको स्थान (कावासोती न.पा.–३, सङ्गम चोक) मा घेरा हालेका थिए ।

जिल्ला प्रशासन वरिपरि जम्मा भएका आन्दोलनकारीका माग र गुनासोहरूका सम्बन्धमा केही प्रतिनिधिलाई प्र.जि.अ.को कार्यकक्षमा बोलाई छलफल गर्दा प्रशासनको सेवा प्रवाह बन्द गरी आन्दोलनलाई साथ दिनुपर्ने माग भएको थियो । त्यसबेला आन्दोलनकारीलाई सम्झाइबुझाइ फर्काइयो । तत्पश्चात् उक्त समूह कावासोती नगरपालिका रहेको स्थानतर्फ गएर नगरपालिका भवनमा तोडफोड र आगजनीमा उत्रिएको देखिन्छ । उक्त समूहमा जिल्लाका गैँडाकोट, देवचुलीलगायत क्षेत्रबाट पनि प्रदर्शनकारीहरू जोडिन आएका थिए । त्यसपछि सो समूहले नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नगरपालिका वडा कार्यालय, राजनीतिक दलका कार्यालयहरू, व्यावसायिक प्रतिष्ठानसहितका ५३ वटा संरचना तथा निजी र सरकारीसमेत ४० वटा सवारी साधनमा तोडफोड, आगजनी गरी क्षति पुऱ्याए ।

२०८२ भदौ २३ गते काठमाडौंमा भएको प्रदर्शन, तोडफोड र मृत्यु तथा कास्की, चितवनलगायतका ठाउँमा भएको तोडफोड र विध्वंसका घटनाहरू सामाजिक सञ्जालमार्फत छिटो प्रचारप्रसार भएपछि त्यसको प्रभावस्वरूप यहाँ पनि विध्वंसका घटना घट्न गएको हो । सुरक्षाकर्मीले एक स्थानमा तोडफोड आगजनीमा उत्रिएको समूहलाई रोक्दा अर्को समूहले अर्को ठाउँमा तोडफोड र आगजनी गर्ने गरेको पाइयो । २४ गतेको प्रदर्शनमा अधिक बल प्रयोग नगर्ने भनी केन्द्रीय सुरक्षा निकायका नेतृत्वबाट अनौपचारिक सन्देश प्रवाह भएको कारण आन्दोलनकारीलाई विध्वंसमा उत्रन मनोवैज्ञानिक बल पुगेको थियो ।

आन्दोलनले उग्र रूप लिँदै गएपछि २४ गते दिउँसो २:३० बजेदेखि कर्फ्यु आदेश जारी गरिएको थियो । तत्पश्चात् पनि माथिल्लो निकायबाट आदेश नआएको भनी नेपाली सेना परिचालन भएन ।



भक्तपुर नगरपालिका वडा नं १ स्थित भाजु पोखरीमा विपद्का बेला हुने उद्धार कार्यलाई प्रभावकारी बनाउन भक्तपुरको भाज्या पुखुमा सुरक्षाकर्मीहरूले दैवीप्रकोप उद्धार प्रशिक्षण गर्दै बिहीबार ।

*तस्विर : मजदुर दैनिक*

# ब्यासीमा भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा प्रवचन

भक्तपुर, ७ साउन । "भ्रष्टाचार गर्नु भनेको आर्थिक अनियमितता मात्र होइन कसैले जिम्मेवार पदमा रहँदा गलत निर्णय गरी जनताको सेवा नगर्ने खालका निर्णयहरू गरी अकुत सम्पत्ति कमाउनु हो । पुँजीवादी व्यवस्थामा भ्रष्टाचार छायाँको रूपमा रहन्छ । वर्तमान सरकार पनि पुँजीवादी व्यवस्थाको निरन्तरता हो । यस कुरामा सबै जनता सचेत हुनुपर्ने आजको आवश्यकता हो ।"

उक्त विचार नेपाल मजदुर किसान पार्टी सानो ब्यासी एकाइ समितिद्वारा आयोजित २०२५ साउन २ र २०२६ असार १९ गते भक्तपुरका अग्रज किसान कार्यकर्ताहरूले गरेको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको स्मरणमा आयोजित प्रवचन कार्यक्रममा बुधबार नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिका वडा नं ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले व्यक्त गर्नुभएको हो ।

समाजमा चन्दामात्र धेरै दिनेलाई समाजसेवीको संज्ञा दिनु गलत संस्कार भएको र त्यस्ता व्यक्तिहरूको आर्थिक स्रोत भ्रष्टाचार गरेर कमाएको हुनसक्ने भएकोले स्रोतको खोजी गरी सोको छानबिन हुनुपर्ने धारणा पनि उहाँले राख्नुभयो ।

उहाँले रास्वपा पार्टी भ्रष्टाचारको काण्डै काण्डमा परेका नेताहरूको जमात रहेको र सुशासनको नाउँमा कुशासन गरिरहेको उदाहरण सरकारले वैदेशिक ऋण लिएर जनताको थाप्लोमा ऋणको भार थपेबाट स्पष्ट हुने जिकिर गर्नुभयो ।

युवा विद्यार्थीहरूले सही राजनीतिको लागि अध्ययनलाई जोड दिनुपर्ने औचित्यतामाथि पनि उहाँले स्पष्ट पार्नुभयो । भक्तपुर नगरपालिकाले देकोमिवा जग्गा एकीकरण आयोजनाबाट पीडित जनताको मागलाई सही सम्बोधन गरिरहेको र सामाजिक सञ्जालमा फैलाइरहेको भ्रमहरू साँचो नभएको कुरा स्पष्ट पार्दै उहाँले देशको परिवर्तनको लागि राजनीतिक रूपमा सचेत भई सही विचारहरूको उपयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा समितिका सदस्य पवनकृष्ण सुवालले स्लाइड प्रस्तुतिसहित भ्रष्टाचारका विभिन्न रूपहरूमध्ये राजनीतिक भ्रष्टाचार, प्रशासनिक भ्रष्टाचार, सहकारी तथा वित्तीय क्षेत्रको भ्रष्टाचार, सार्वजनिक ठेक्का तथा विकास आयोजना भ्रष्टाचारबारे जानकारी दिनुभई २०२५ साउन २ र असार १९को भ्रष्टाचारविरोधी आन्दोलनका कारणहरूबारे बताउनुभएको थियो ।

सो कार्यक्रममा समितिका अध्यक्ष सरोज दथेपुथेको सभापतित्वमा भएको थियो ।

# दुई सय १८ जलविद्युत् आयोजनाको आरसीओडी थप्ने प्रक्रिया सुरु

काठमाडौँ, ७ साउन । नेपाल विद्युत् प्राधिकरणले विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) भएका तर विभिन्न कारणले समयमै व्यावसायिक उत्पादन सुरु गर्न नसकेका २१८ जलविद्युत् आयोजनाको व्यावसायिक उत्पादन सुरु गर्नुपर्ने अन्तिम मिति (आरसिओडी) थप्ने प्रक्रिया अघि बढाएको छ ।

यसका लागि प्राधिकरणले पहिलोपटक स्पष्ट मापदण्डका आधारमा आयोजनालाई चार समूहमा वर्गीकरण गर्ने नीति लागू गरेको छ ।

गत असार ३२ गते बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले आयोजनाको भौतिक प्रगति, पिपिएअन्तर्गतका दायित्वको कार्यान्वयन र आरसिओडीको अवस्थाका आधारमा चार समूहमा वर्गीकरण गर्ने निर्णय गरेको थियो ।

सोही निर्णयअनुसार पहिलो चरणमा समूह 'क' र 'ख' मा परेका आयोजनाको आरसिओडी थप्ने प्रक्रिया अघि बढाइएको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराज भक्त श्रेष्ठले बुधबार जलविद्युत् प्रवर्द्धकसँगको छलफलमा सरकारले निजी क्षेत्रलाई समस्यामा पार्ने होइन, निर्माणाधीन आयोजनालाई सहजीकरण गर्ने उद्देश्यले आरसिओडी थप गर्न लागेको स्पष्ट पार्नुभयो । उहाँले यस्तो निर्णय कुनै व्यक्ति विशेषको इच्छाअनुसार नभई संस्थागत प्रणालीबाट हुने व्यवस्था विकास गर्न मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो ।

प्राधिकरणका अनुसार हाल आठ हजार २९२ मेगावाट क्षमताका ३२० जलविद्युत् आयोजना निर्माणाधीन छन् । तीमध्ये समूह 'क' मा चार हजार ४९१ मेगावाट क्षमताका १५० आयोजना छन् । समूह 'ख' मा एक हजार ४२० मेगावाट क्षमताका ६८ आयोजना समावेश छन् । बाँकी आयोजना समूह 'ग' र 'घ' मा वर्गीकृत गरिएका छन् ।

छलफलमा ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का वरिष्ठ उपाध्यक्ष उत्तम ब्लोनले प्राकृतिक न्यायको सिद्धान्तका आधारमा सबै आयोजनाको आरसिओडी अन्तिम पटक निश्चित सर्तसहित थप गरिनुपर्ने धारणा राख्नुभयो । उहाँले एक वर्षभित्र पिपिए सम्पन्न गर्ने र त्यसपछि छ महिनाभित्र निर्माण सुरु गर्ने प्रतिबद्धताका आधारमा सबै आयोजनालाई समान अवसर दिन आग्रह गर्नुभयो ।

प्राधिकरणले तयार गरेको मापदण्डअनुसार समूह 'क' मा आरसिओडी अवधि समाप्त नभएका तथा उत्पादन अनुमतिपत्र, वित्तीय व्यवस्थापन, जग्गा व्यवस्थापनलगायत पिपिएमा उल्लिखित दायित्व पूरा गरेका वा सम्झौताअनुसार पूरा गर्न बाँकी समय रहेका आयोजना पर्नेछन् ।

समूह 'ख' मा आरसिओडी सकिए पनि प्राधिकरणतर्फबाट प्रसारण लाइन वा सबस्टेसन निर्माणमा ढिलाइ भएका कारण सञ्चालनमा आउन नसकेका आयोजना समावेश छन् । साथै, काबुबाहिरको परिस्थितिका कारण निर्माण प्रभावित भई आवश्यक प्रमाणसहित आरसिओडी थपको स्वीकृति पाएका तथा आरसिओडी अवधि सकिँदासम्म कम्तीमा २५ प्रतिशत भौतिक प्रगति हासिल गरेका आयोजना पनि यही समूहमा राखिएका छन् ।

समूह 'ग' मा आरसिओडी नसकिए पनि उत्पादन अनुमतिपत्र, वित्तीय व्यवस्थापन वा जग्गा व्यवस्थापनजस्ता आधारभूत दायित्व पूरा नगरेका वा आरसिओडी समाप्त हुँदासम्म २५ प्रतिशतभन्दा कम भौतिक प्रगति भएका आयोजना राखिनेछन् ।

समूह 'घ' मा आरसिओडी सकिएपछि पनि उत्पादन अनुमतिपत्र, वित्तीय व्यवस्थापन, जग्गा व्यवस्थापनजस्ता अनिवार्य दायित्व पूरा नगरेका वा सर्वेक्षण तथा उत्पादन अनुमतिपत्र नै खारेज भएका आयोजना पर्नेछन् ।

प्राधिकरणले भौतिक प्रगति मापनका लागि २०७१ को कार्यविधिलाई आधार बनाएको छ । त्यसअनुसार हेडवर्क्स, सुरुङ, पाइपलाइन, पावरहाउसलगायत मुख्य संरचनाको निर्माण सुरु भई उल्लेखनीय प्रगति भएको अवस्थालाई भौतिक प्रगति मानिनेछ ।

सौर्य आयोजनाका हकमा प्यानल खरिद सम्झौता, एलसी खोलिएको, जग्गा व्यवस्थापन सम्पन्न भएको तथा माउन्टिङ स्ट्रक्चर र फाउन्डेसन निर्माण सुरु भएको अवस्थालाई पनि प्रगतिको सूचकका रूपमा स्वीकार गरिनेछ ।

समूह 'ख' मा परेका आयोजनाको नियमित अनुगमन गरिनेछ । प्राधिकरणको विद्युत् व्यापार विभागले समयमै निर्माणसम्पन्न गर्न आवश्यक निर्देशन दिनेछ । उक्त निर्देशन कार्यान्वयन भए-नभएको पनि अनुगमन गरिनेछ । आवश्यकताअनुसार बढीमा छ महिनाभित्र आयोजनाको पुनः वर्गीकरण गर्न सकिने व्यवस्था गरिएको छ ।

त्यस्तै, समूह 'ग' मा रहेका आयोजनालाई पिपिएअनुसार 'नोटिस अफ डिफल्ट' जारी गरिनेछ । त्यसपछि पनि चित्तबुझ्दो सुधार वा जवाफ नआएमा सम्झौता रद्द गर्ने प्रक्रिया अघि बढाइने प्राधिकरणले जनाएको छ । ***रासस***

# मनसुन अवधिभर विशेष सावधानी अपनाउन प्राधिकरणको आग्रह

काठमाडौँ, ७ साउन । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुन अवधिभर बाढी पहिरो, कटान, डुबान, चट्याङ, सर्पदंशजस्ता जोखिमको सम्भावना उच्च भएकाले विशेष सावधानी अपनाउन आग्रह गरेको छ ।

प्राधिकरणले जनधनको सुरक्षाका लागि पूर्वसावधानी अपनाउन आग्रह गर्दै यात्रा गर्नुअघि मौसम तथा सडकको अवस्थाबारे जानकारी लिन भनेको छ । यस्तै, वर्षाको बेला यात्रा गर्दा चनाखो हुन र सावधानी अपनाउन भनिएको छ ।

ठूलो पानी परेको बेला सकेसम्म रातको समयमा यात्रा नगर्न, बाढी आएका बेला खोला, खोल्सा, तथा नदी तर्ने प्रयास नगर्न प्राधिकरणले सूचनामार्फत अनुरोध गरेको छ ।

वर्षा भइरहेको समयमा काठ दाउरा टिप्न, माछा मार्न वा पौडी खेल्न खोला वा नदीमा नजान, पहिरोको जोखिम भएका क्षेत्र आसपास अनावश्यक रूपमा आवतजावत नगर्न प्राधिकरणले ध्यानाकर्षण गराएको छ ।

जोखिमयुक्त पुल तथा खोलाको किनारामा उभिएर फोटा, भिडियो नखिच्न, पैदलयात्रा तथा 'हाइकिङ' मा सकेसम्म एक्लै नजान र विपद्को सङ्केत देखिएमा सुरक्षित स्थानमा जान र स्थानीय प्रशासन र सुरक्षाकर्मीलाई सम्पर्क गर्न भनिएको छ ।

यसैगरी, आफ्नो घरवरिपरि रहेका ढल तथा नाली सफा राख्न, बर्खाको समयमा सर्पले डस्ने जोखिम धेरै हुने भएकाले घरवरपर सफा राख्न, राति बाहिर हिँड्दा टर्च लाइटको प्रयोग गर्नु आवश्यक छ ।

चट्याङ पर्न लागेमा तुरुन्त सुरक्षित स्थानमा जान, महत्त्वपूर्ण कागजात, अत्यावश्यक औषधि, नबिग्रने खानेकुरा एउटा झोलामा सुरक्षित राख्न, मोबाइलमा पर्याप्त ब्यालेन्स र ब्याट्री चार्ज गरेर राख्न प्राधिकरणले सूचनामार्फत आग्रह गरेको छ ।

अफवाहको पछाडि नलाग्न, आधिकारिक स्रोतबाट प्राप्त सूचनामा मात्र विश्वास गर्न, मौसम र विपद्बारेको आधिकारिक सूचना नियमित सुन्न एवम् हेर्न सचेत गराइएको छ । विपद्सम्बन्धी सूचना एवम् उद्धारका लागि १२३४, १०० र १११४ र मौसमसम्बन्धी जानकारीका लागि ११५५ मा सम्पर्क गर्न अनुरोध गरेको छ ।

यस वर्षको मनसुन गत असार ५ गतेदेखि सुरु भइसकेको छ । विपद्का कारण ठूलो जनधनको क्षति हुन नदिन र पूर्वसावधानी अपनाउनका लागि प्राधिकरणले अनुरोध गर्दै आएको छ ।

यसैबिच, पछिल्लो २४ घण्टामा देशभर कुल ४७ वटा विपद्का घटना घटेका छन् । प्राधिकरणका अनुसार विपद्का कारण रु. १३ लाख १० हजार बराबरको अनुमानित क्षति भएको छ । विपद्मा परेर तीन जनाको ज्यान जाँदा आठ जना घाइते भएका छन् ।

यही साउन ५ गते बिहानदेखि ६ गते बिहानसम्म सर्पदंश, आगलागीका आठ/आठ वटा घटना घटेका छन् । यस्तै, बाढीका दुई, पहिरो १४, अविरल वर्षा आठ, जनावर आक्रमण तीन र हावाहुरीको एक घटना घटेका छन् । ***रासस***

# सहुलियतपूर्ण कर्जाको ब्याज अनुदान कार्यविधि कार्यान्वयनमा

काठमाडौँ, ७ साउन । सरकारले सहुलियतपूर्ण कर्जामा प्रदान गरिँदै आएको ब्याज अनुदानसम्बन्धी कार्यविधिलाई संशोधन गर्दै ऋण प्रवाह, अनुगमन र अनुदान व्यवस्थापनलाई थप व्यवस्थित र प्रभावकारी बनाउने व्यवस्था गरेको छ ।

अर्थ मन्त्रालयले 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यविधि (पहिलो संशोधन), २०८३' स्वीकृत गर्दै कार्यान्वयनमा ल्याएको हो । संशोधित कार्यविधि मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक गरेको छ ।

संशोधित कार्यविधिअनुसार सहुलियतपूर्ण कर्जा प्रवाह, ब्याज अनुदान उपलब्ध गराउने प्रक्रिया, कर्जा उपयोगको अनुगमन तथा प्रतिवेदन प्रणालीलाई स्पष्ट र थप व्यवस्थित बनाइएको छ । अनुदान प्राप्त गर्ने ऋणीले तोकिएको उद्देश्यअनुसार कर्जा उपयोग गर्नुपर्ने तथा बैङ्क तथा वित्तीय संस्थाले नियमित अनुगमन गरी सम्बन्धित निकायमा विवरण उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ ।

कार्यविधिमा सहुलियतपूर्ण कर्जाको दुरूपयोग रोक्ने, अनुदान वितरणमा पारदर्शिता कायम गर्ने तथा अनुदान प्राप्त कर्जाको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न व्यवस्थामा संशोधन गरिएको मन्त्रालयले जनाएको छ ।

यसैगरी, बैङ्क तथा वित्तीय संस्था, सम्बन्धित सरकारी निकाय र लाभग्राहीको भूमिका तथा जिम्मेवारीलाई थप स्पष्ट पारिएको छ । कर्जा उपयोगमा अनियमितता वा कार्यविधिविपरीत कार्य भएको पाइएमा ब्याज अनुदान रोक्का गर्ने वा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गर्ने व्यवस्था पनि संशोधित कार्यविधिमा समावेश गरिएको छ ।

संशोधित कार्यविधिले सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई थप प्रभावकारी, लक्षित वर्गमुखी तथा नतिजामुखी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । मन्त्रालयले सम्बन्धित सबै निकायलाई कार्यविधि कार्यान्वयन गर्न आग्रह पनि गरेको छ । ***रासस***

# देशभर एकैदिन ४७ विपद् घटना पहिरोमा दुई जनाको मृत्यु

काठमाडौँ, ७ साउन । देशका विभिन्न भागमा बुधबार भएका ४७ विपद्जन्य घटनामा परी दुई जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सर्पदंशका पाँच, आगलागीका पाँच, बाढीको एक, पहिरोका १६, सडक अवरोधका १४, चौपाया क्षतिका एक तथा अन्य चार घटना भएका थिए ।

ती घटनाबाट सात परिवार प्रभावित भएका छन् । पहिरोका घटनामा दुई जनाको मृत्यु भएको हो भने पाँच जना घाइते भएका छन् । विपद्बाट रु. एक करोड ९० लाख बराबरको क्षति भएको छ ।

गत वैशाख १ गतेसम्म हालसम्म देशभर दुई हजार ३६१ विपद्जन्य घटना भएका छन् । ती घटनामा परी १७३ जनाको मृत्यु, दुई जना बेपत्ता तथा एक हजार २०८ जना घाइते भएका छन् । यस अवधिमा चार हजार ८६९ परिवार प्रभावित भएका प्राधिकरणले जनाएको छ । ***रासस***

सङ्क्षिप्त समाचार

## पूर्ववरिष्ठ उपरीक्षक साह नै ठगीमा !

जनकपुरधाम, ७ साउन । नेपाल प्रहरीका पूर्ववरिष्ठ प्रहरी उपरीक्षक गोविन्दकुमार साह आफैं ठगीमा परेको भनी दुखेसो पोख्नुभएको छ ।

धितोमा रहेको आफ्नो जग्गा बैङ्कमा पुन:धितो राखी अरु कसैले रु. चार करोड ऋण लिएको थाहा पाएपछि आफू ठगीमा परेको उहाँले जानकारी दिनुभयो ।

धनुषाको विदेह नगरपालिका-८ घर भई हाल जनकपुरधाम उपमहानगरपालिका-२ मा बसोबास गर्दै आउनुभएका सुरक्षाकर्मी साहले आफू ठगिएको थाहा पाएपछि प्रहरीमा उजुरी दिएको आज पत्रकार सम्मेलनमार्फत जानकारी दिनुभयो ।

पूर्वएसएसपी साहका अनुसार विसं २०७९ मा चिनजानका व्यक्तिसँग रु. ९९ लाख ऋण लिइ विदेह नगरपालिका-६ तीनकौरियाको पत्नीका नाममा रहेको पाँच कट्ठा १३ धुर दृष्टिबन्धक गरिदिएकामा उहाँलाई थाहा नै नदिई ती व्यक्तिले अर्कालाई त्यो जग्गा पुन: धितो राखी रु. चार करोड ऋण लिएका थिए ।

पूर्वसुरक्षाकर्मी साहका अनुसार ऋणको साँवा-ब्याज तिर्ने र जग्गा फिर्ता गरिदिन पटक-पटक आग्रह गर्दा ती व्यक्तिले विभिन्न बहाना बनाएपछि उहाँले ठगीको उजुरी दर्ता गराउनुभएको छ ।

पूर्ववरिष्ठ उपरीक्षक साहको जाहेरीका आधारमा धनुषा प्रहरीले ठगीको अभियोग लागेका स्थानीय गोपाल साह, उनकी पत्नी रेखाकुमारी साह तथा छोरा हरेराम साहलाई पक्राउ गरेको छ । *रासस*

## अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी उजुरी मेलमिलापबाट फछ्र्यौट

जनकपुरधाम, ७ साउन । अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी परेका उजुरीमध्ये हालसम्म एक हजार १८७ वटा गुनासो मेलमिलाप विधिबाट फछ्र्यौट भएको छ ।

कूल दर्ता भएका पाँच हजार २५७ अभियोगमध्ये छलफल विधिबाट पीडितको पक्षमा सुनुवाइ भएको हो । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक मधुसुदन न्यौपानेले सहमति नभएका ९३ मुद्दा अदालतमा पञ्जीकरण गरिएको जानकारी दिनुभयो ।

छानबिनपछि सहमतिमा रु. ३० करोड ८२ लाख ३७ हजार ९२ र २७ बिघा आठ कट्ठा १८ धुर जग्गा फिर्ता भएको छ । थोरै रकम दिएको तर, धेरै रकमको कपाली तमसुक गरिएकाले दोब्बर तेब्बरसम्म चेक धितो राख्ने प्रवृति रहेको छानबिनका क्रममा भेटिएको बताइन्छ ।

जनशक्तिको कमीले पहिले दर्ता भएका गुनासो टुङ्गो नलागेकाले जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका उजुरीमा कारबाही प्रक्रिया अघि नबढेको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले बताउनुभयो । *रासस*

## सेवाग्राहीसँग घुस लिइरहेको अवस्थामा कर अधिकृत पक्राउ

जनकपुरधाम, ७ साउन । अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले सेवाग्राहीसँग घुस लिइरहेको अवस्थामा आन्तरिक राजस्व कार्यालय लहानका कर अधिकृत युवराज पाललाई पक्राउ गरेको छ ।

आयोगको बर्दिवासबाट खटिएको टोलीले सेवाग्राहीसँग घुस लिँदै गरेको अवस्थामा कर अधिकृत पाललाई पक्राउ गरेको आयोगका सूचना अधिकारी प्रकाश पोखरेलले जानकारी दिनुभयो ।

लहानस्थित एक कम्पनीको कर परीक्षणमा सहज गरिदिने भन्दै कर अधिकृत पालले सेवाग्राहीसँग घुस लिएको अभियोग छ । सूचना अधिकारी पोखरेलका अनुसार घुसको रकम यकिन गर्न कर अधिकृत पालमाथि आवश्यक अनुसन्धान भइरहेको छ । *रासस*

## त्रिभुवन विश्वविद्यालयले मनायो ६७ औं वार्षिकोत्सव

काठमाडौं, ७ साउन । मुलुकको सबैभन्दा पुरानो विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयले बिहीबार आफ्नो ६७ औं वार्षिकोत्सव मनाएको छ ।

विश्वविद्यालय दिवसका अवसरमा कीर्तिपुरस्थित केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा शिक्षा तथा खेलकुदमन्त्री एवं विश्वविद्यालयका सहकुलपति सस्मित पोखरेलले झण्डोत्तोलन गर्नुभयो ।

त्यस अवसरमा दीर्घ सेवा गरेका प्राध्यापक तथा कर्मचारीलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो । विश्वविद्यालयका उपकुलपति प्रा. डा. भोला थापाले विश्वविद्यालयको वर्तमान अवस्था, प्रगति र भावी योजनाबारे जानकारी गराउँदै उत्कृष्ट शिक्षा, अनुसन्धान र नवप्रवर्तनमार्फत विश्वविद्यालयको शैक्षिक उन्नयनलाई आफूले केन्द्रमा राखेको बताउनुभयो ।

विसं २०१६ मा स्थापना भएको त्रिभुवन विश्वविद्यालयअन्तर्गत पाँच अध्ययन संस्थान, चार सङ्काय, ४० केन्द्रीय विभाग, ६४ आङ्गिक क्याम्पस, एक हजार ५३ सम्बन्धनप्राप्त क्याम्पस तथा चार अध्ययन केन्द्र छन् । हाल विश्वविद्यालयमा पाँच लाख विद्यार्थी अध्ययनरत छन् भने १६ हजार ६२ कर्मचारी कार्यरत छन् । *रासस*



**हस्तकलाका सामग्री हेर्दै पर्यटक**
काठमाडौंको वसन्तपुरमा बिक्रीका लागि राखिएका हस्तकलाका सामग्री हेर्दै नेपाल घुम्न आएका विदेशी पर्यटक । तस्बिर: नवीन पौडेल/रासस

# गत आवमा कैलालीमा सङ्गठित तथा आर्थिक अपराधसम्बन्धी घटना धेरै

सुदूरपश्चिम, ७ साउन । कैलालीमा गत आर्थिक वर्ष २०८२/८३ मा विभिन्न प्रकृतिका एक हजार नौ सय २९ अपराधका घटना दर्ता भएका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार तीमध्ये सबैभन्दा बढी सङ्गठित तथा आर्थिक अपराधसम्बन्धी घटना दर्ता भएका छन् ।

वार्षिक प्रगति विवरणअनुसार यहाँ सङ्गठित तथा आर्थिक अपराधका आठ सय छ मुद्दा छन् । यस्तै, आत्महत्या अपराधका दुई सय ९८, ज्यानसम्बन्धी अपराधका दुई सय ६५, सामाजिक अपराधका दुई सय ३३, महिला तथा बालबालिकासम्बन्धी अपराधका एक सय ५७, सवारी ज्यानसम्बन्धी ९१ चोरीसम्बन्धी ५५ र अन्य २४ घटना दर्ता भएका छन् ।

कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक योगेन्द्र तिमिल्सिनाका अनुसार जघन्य तथा गम्भीर अपराधतर्फ १७ कर्तव्य ज्यान, छ हातहतियार, १५ वटा मानव बेचबिखन तथा ओसारपसारका घटना दर्ता भएका छन् । यस्तै, आर्थिक अपराधअन्तर्गत तीन सय दुई बैङ्किङ कसुर, २६ जुवातास, ४८ ठगी, महिला बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी एक सय ५७ मुद्दा छन् । साथै, लागूऔषध तथा सार्वजनिक नैतिकतासम्बन्धी चार सय ११ मुद्दा दर्ता भएका छन् ।

यस्तै, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी पाँच सय २३ उजुरी परेकामा अधिकांश पीडित २६ देखि ४५ वर्ष उमेर समूहका छन् । घरेलु हिंसाका पाँच सय २३ उजुरीमध्ये चार सय ३८ मिलापत्रबाट टुङ्गिएको र ८५ अदालत पठाइएको प्रहरीले जनाएको छ ।

यस्तै, वर्षभर ९७६ हराएका व्यक्तिको उजुरी परेकामा ९४५ जनालाई फेला पारिएको छ । आत्महत्याका २९८ घटनामध्ये १२६ पुरुष, १२० महिला, १६ बालक र ३६ बालिका छन् ।

**कार्यान्वयनमा सफलता**

जिल्ला प्रहरी कार्यालयले चालु मुद्दाका प्रतिवादी पक्राउ अभियानलाई प्रभावकारी बनाएको जनाएको छ । एक हजार ४३४ मुद्दामा एक हजार ९५० प्रतिवादी पक्राउ गरिएको र तीन सय १८ जना अझै पक्राउ गर्न बाँकी रहेको विवरणमा उल्लेख छ ।

यस्तै, सार्वजनिक चासोका एक सय ५१ फछ्र्योट हुन बाँकी मुद्दामध्ये ५५ फछ्र्योट गरिएका छन् । फैसला कार्यान्वयनतर्फ आठ सय २६ फरार प्रतिवादी पक्राउ गरी २२२ वर्ष तीन महिना चार दिन कैद सजाय कार्यान्वयन गरिएको छ भने रु. दुई करोड २१ लाख दुई हजार ४२ जरिवाना असुल गरिएको प्रहरीले जनाएको छ । लागूऔषध नियन्त्रण अभियानअन्तर्गत चार सय ४११ मुद्दा दर्ता गरी ६१९ जनालाई पक्राउ गरिएको छ ।

यस्तै, शान्ति सुरक्षातर्फ वर्षभर १९ हजार ८० पिकेट ड्युटी, चार हजार ३२० चेकिङ, दुई हजार ५२० ग्रामीण गस्ती र १३ हजार ५९७ विशेष गस्ती सञ्चालन गरी कुल ३९ हजार ५२१ पटक प्रहरी परिचालन गरिएको कार्यालय प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र चन्दले जानकारी दिनुभयो । आन्दोलन, मेला, महोत्सव तथा विपद्का घटनामा दुई हजार ६२२ प्रहरी परिचालन गरिएको उहाँले बताउनुभयो ।

यसैगरी सामुदायिक कार्यक्रमतर्फ दुई हजार ३४६ समुदाय केन्द्रित र ३०५ विद्यालय केन्द्रित कार्यक्रम सञ्चालनबाट ७८ हजार ४३५ लाभान्वित भएका छन् । साथै सीमान्तकृत, अल्पसङ्ख्यक र पिछडिएका वर्ग लक्षित ३४ कार्यक्रम सञ्चालन गरी एक हजार ५४२ जनालाई सहभागी गराइएको छ ।

**राजस्व सङ्कलन**

सवारी दुर्घटना तथा ट्राफिक कारबाहीबाट सबैभन्दा धेरै राजस्व सङ्कलन भएको प्रहरीले जनाएको छ । गत आर्थिक वर्षमा ६०१ सवारी दुर्घटनामा ८२ जनाको मृत्यु र ९७४ जना घाइते भएका थिए । उक्त अवधिमा ट्राफिक कारबाहीअन्तर्गत १४ हजार ९२६ सवारीसाधनमाथि कारबाही गरी रु. एक करोड ४७ लाख ७५ हजार ५०० राजस्व सङ्कलन गरिएको छ ।

राजस्व चुहावट तथा भन्सार छली नियन्त्रण अभियानका क्रममा रु. सात करोड ३२ लाख ९३ हजार ३५६ बराबरका सामान बरामद गरिएको वार्षिक प्रगति विवरणमा उल्लेख छ । यस्तै, प्राकृतिक सम्पदा दोहन नियन्त्रणअन्तर्गत ८३ सवारीसाधन नियन्त्रणमा लिई रु. १२ लाख १८ हजार ७३२ दण्ड जरिवाना, अवैध वन पैदावार चोरी पैठारी नियन्त्रणतर्फ ४० जनालाई पक्राउ गरी रु. ६३ लाख २४ हजार दुई राजस्व सङ्कलन भएको उल्लेख छ । यसैबिच प्रहरीले १४ हजार ५४५ लिटर अवैध मदिरा र सात हजार ६३५ लिटर कच्चा पदार्थ बरामद गरी नष्ट गरेको जनाएको छ ।

कार्यालय प्रमुख प्रहरी उपरीक्षक चन्दले गत आवको अनुभव र सिकाइका आधारमा आगामी वर्ष अपराध नियन्त्रण, फरार प्रतिवादी पक्राउ, लागूऔषध नियन्त्रण र समुदाय-प्रहरी साझेदारीलाई थप प्रभावकारी बनाउने लक्ष्य लिइएको बताउनुभयो । यसमा सबै सरोकार भएकाहरूको सहयोग रहेमा समाजमा शान्ति सुव्यवस्था कायम गर्न थप सहज हुने उहाँको भनाइ छ । *रासस*

## मानव-वन्यजन्तु द्वन्द्वको अन्तरिम प्रतिवेदन कृषिमन्त्रीलाई बुझाइयो

काठमाडौं, ७ साउन । कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरीलाई मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनसम्बन्धी गठित समिति (टास्क फोर्स) ले अन्तरिम प्रतिवेदन बुझाएको छ ।

प्रतिवेदन बुझ्दै बुधबार उहाँले देशका विभिन्न जिल्लामा बाँदरका कारण किसानले भोगिरहेका समस्या अत्यन्त गम्भीर बन्दै गएको उल्लेख गर्दै यसको दीर्घकालीन र व्यावहारिक समाधान खोज्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो ।

उहाँले बाँदरका कारण बाली नष्ट हुने, किसान विस्थापित हुने तथा कृषि उत्पादनमै प्रत्यक्ष असर परेको विषयलाई प्राथमिकताका साथ उठाउँदै उक्त समस्यालाई केवल वन्यजन्तु संरक्षणको दृष्टिले मात्र नभई किसानको जीविकोपार्जन र खाद्य सुरक्षासँग जोडिएको राष्ट्रिय मुद्दाका रूपमा हेर्नुपर्ने धारणा राख्नुभयो ।

मन्त्री चौधरीले टास्क फोर्सलाई बाँदर व्यवस्थापनका लागि वैज्ञानिक, कानुनी तथा व्यावहारिक उपाय समेटिएको स्पष्ट कार्ययोजना तयार गर्न निर्देशन दिनुभयो ।

साथै प्रभावित क्षेत्रको वास्तविक अवस्था अध्ययन गरी स्थानीय तह, सरोकारवाला निकाय, विज्ञ तथा समुदायसँग समन्वय गरेर कार्यान्वयनयोग्य समाधान अघि बढाउनुपर्नेमा जोड दिनुभयो ।

बैठकमा टास्क फोर्सले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि तयार पारिएको अन्तरिम प्रतिवेदन पेस गर्दै बाँदरसहित अन्य वन्यजन्तुबाट हुने क्षति न्यूनीकरण, क्षतिपूर्ति प्रणाली सुधार, जनचेतना अभिवृद्धि तथा दीर्घकालीन व्यवस्थापनका विभिन्न सुझाव प्रस्तुत गरेको थियो । *रासस*

## ६ सडकखण्ड अवरुद्ध ११ आंशिक सञ्चालनमा

काठमाडौं, ७ साउन । बाढीपहिरोका कारण देशका विभिन्न भागका छ वटा सडकखण्ड पूर्ण रूपमा अवरुद्ध भएका छन् भने ११ सडकखण्ड आंशिक रूपमा सञ्चालनमा रहेका छन् ।

सडक विभागका अनुसार हालसम्म अवरुद्ध भएका ३३ सडकखण्ड मर्मतपछि पुन: सञ्चालन भएका छन् ।

विभागका महानिर्देशक विजय जैशीका अनुसार पहिरोले अवरुद्ध सडक खुलाउन सम्बन्धित स्थानमा डोजर, एक्साभेटर, लोडरलगायत उपकरण प्रयोग गरी तीव्र गतिमा पहिरो पन्छाएर सडक खुलाइउने प्रयास जारी छ । *रासस*

। सम्पादकीय ।

# अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घ संस्थाको कार्यक्रमप्रति सावधान !

स्वाधीन र सार्वभौम देशको आन्तरिक मामिलामा द्वेष फैलाउन, विवाद चर्काउन र फाटो ल्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू विकास, आर्थिक सहयोग र अध्ययनको नाउँमा देश-विदेशमा क्रियाशील भइरहेको सबैलाई अवगत भएकै विषय हो। यसरी नै नेपालमा पनि अध्ययन, अनुसन्धान, विकास र अनुदानको नाउँमा गैरसरकारी संस्थाहरू क्रियाशील भइरहेकोमा शङ्का छैन। अध्ययन र अनुसन्धानको नाउँमा त्यो देशको गुह्य कुरा थाहा पाउने, स्थानीय जनताको मन भाँड्ने, आन्तरिक द्वन्द्व चर्काउने र विकासको ध्वाङ फुकेर स्थानीय जनताको मन बिगार्ने काम गैससले गरिरहेको हुन्छ। सम्भवत: भदौ ७ देखि १३ गतेसम्म काठमाडौँमा हुन लागेको तिब्बती अध्ययनसम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठी पनि त्यसकै सिलसिला हुनसक्छ। काठमाडौँमा हुने 'इन्टरनेसनल एसोसियसन फर तिब्बती स्टडिज' को गोष्ठी तिब्बतको अध्ययनको नाउँमा नेपाली भूमि प्रयोग गरेर चीनको विरोध गर्ने त होइन भन्ने आशङ्का उब्जनु अस्वाभाविक होइन।

भदौ २३ र२४ गते भएको जेनजीको आन्दोलनमा विदेशी घुसपैठ होला भन्ने शङ्का कसलाई थियो र ! सरकारको विरोधमा प्रदर्शन गर्नुअघि भ्रष्टाचार, अनियमितता र जनविरोधी आन्दोलन छेड्नु ठिकै हो भनी जनताले समर्थन गरेका थिए। पुरानो सरकारले गरेको कार्यशैलीप्रति जनतामा व्यापक असन्तुष्ट छाइरहेको बेला सरकारको विरोधमा भएको प्रदर्शन समयको आवश्यकता ठानिएको थियो। तर, त्यो आन्दोलन विध्वंसमा परिणत भयो; तोडफोड, आगजनी तथा हिंसामा परिणत भयो। आन्दोलनले सरकार उल्टाए पनि या नयाँ सरकार गठन भए पनि देशको खरबौँ बराबरको सम्पत्ति खरानी भयो। त्यस प्रदर्शनमा अमेरिकी कम्पनीबाट सञ्चालित विभिन्न गैरकानुनी सङ्घ संस्थाहरू आबद्ध थिए।

उक्त गोष्ठी काठमाडौँ विश्वविद्यालयको हिमालयन सेन्टर फर एसियन स्टडिज र काठमाडौँ विश्वविद्यालयअन्तर्गतको सेन्टर फर बुद्धिस्ट स्टडिज, राङजुङ चेरो इन्स्टिच्युटको संयुक्त आयोजनामा हुन लागेको जानकारी प्रकाशमा आएको छ। कार्यक्रमको उद्देश्य राम्रो जस्तो लागे पनि भित्री रहस्य अर्कै हुनसक्छ। कार्यक्रमको ध्येय तिब्बती भाषा, संस्कृति र इतिहासको प्रवर्द्धन भनिए पनि गोष्ठीमा सहभागी विभिन्न देशका विज्ञ प्रतिनिधिहरू विषयकेन्द्रित नभई नेपाली भूमि प्रयोग गरेर स्वतन्त्र तिब्बत चाहने, तिब्बत टुक्र्याउन चाहने दलाई लामाको समर्थनमा बोलेर चीनविरोधी प्रचार नगर्लान् भनी कसरी विश्वास गर्ने ? यसअघि सरकारले नेपाली भूमिमा तिब्बती शरणार्थीलाई दलाई लामाको जन्म दिन मनाउन छुट दियो। त्यसबेला कार्यक्रम गर्न स्वीकृति दिने वर्तमान सरकारको व्यापक विरोध भएको थियो। परराष्ट्र मामिलाबारे नेपालको परराष्ट्र नीति या धारणा नबुझ्दा सरकारकै सिफारिसमा सो कार्यक्रम हुन गयो।

बेलायत, जापान, फ्रान्स, अस्ट्रियाजस्ता देशका प्रतिनिधिहरू सम्मिलित हुने सो अन्तर्राष्ट्रिय गोष्ठीमा दलाई लामा समर्थकले कार्यक्रमलाई प्रयोग गर्न सक्नेतर्फ चीनले चासो देखाउनु स्वाभाविक हो। नेपालका लागि चिनियाँ राजदूत चाङ माओमिङले कार्यक्रमबारे चिन्ता व्यक्त गरे। उक्त गोष्ठी दलाई लामा समर्थकको होइन भने तापनि विश्वास गर्ने खालको छैन। सरकारले यसबारे गहिरो अध्ययन गर्नुपर्छ। पहिले तिब्बती शरणार्थीलाई दलाई लामाको जन्म दिन मनाउन स्वीकृति दिएर गल्ती गरेझैँ सरकारले फेरि अर्को गल्ती नगरोस् भन्ने अधिकांश राजनीतिक विश्लेषकहरूको एकमत रहेको छ।

सरकार हरेक विषय र क्षेत्रबारे गम्भीर हुनुपर्छ। कुनै पनि विदेशी सङ्घ संस्थाले गर्ने कार्यक्रमलाई गहिरिएर नसोची सतही ढङ्गले समर्थन गर्दा विदेशी चलखेल बढेको, नेपाली भूमिमा विदेशी सेनाले परेड खेलेको कुरा हामीले भुल्नुहुँदैन। विदेशी शक्ति राष्ट्रबाट सञ्चालित गैरसरकारी संस्थाले नेपाल र नेपाली जनताको हित गरेको जस्तो देखाए पनि त्यस्तो कार्यक्रममा नेपाल र नेपालीको भन्दा विदेशी शक्ति राष्ट्रको गुह्य स्वार्थ रहेको हुन्छ। नेपाली भूमिमा विदेशी सङ्गठनहरूले कार्यक्रम राख्दा सरकारले सोच विचार गरेनन् भने जसले जे कार्यक्रम ल्याए पनि समर्थन गरे भने, त्यसको तत्काल समस्या भोग्नु नपरे पनि दूरगामी असर पुर्‍याउनेतर्फ सरकार जहिल्यै सतर्क हुनुपर्छ। सत्तारूढ दलका नेताहरू गम्भीर नभएकै कारण देशका प्राकृतिक स्रोत र साधन भारतीय सरकार र भारतीय कम्पनीको हातमा परेको हो। देशका उद्योगधन्दाहरू विदेशी कम्पनीको हातमा परेको हो। बेलायत, जापान, फ्रान्स आदि देशले तिब्बतको विषयमा के अध्ययन गर्नुपर्ने हो ? अध्ययन गर्न आयोजक समितिलाई के खाँचो पर्‍यो ? आदि प्रश्न उठेको छ।

# समापनको खोजी : भूकम्पपछि पनि भेनेजुयालीहरू हार मानेका छैनन् !

✍ अहमद जर्रार



भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या पाँच हजार नाघेको छ। *(फाइल : ग्याबी ओरा/रायटर्स)*

*(भेनेजुयलामा जुम्ल्याहा भूकम्पले तहसनहस पारेको हप्तौँ बितिसक्दा पनि पीडितका आफन्तहरू अझै भग्नावशेषमुनि बेपत्ता भएका प्रियजनहरूको शव खोजिरहेका छन्।)*

***- ला गुआइरा, भेनेजुयला***

लगभग तीन हप्तादेखि इभान चिनो मुस्किलले सुतेका छन्।

हरेक बिहान, उनी उत्तरी भेनेजुयलाको ला गुआइरास्थित आफ्नो बस्तीको भग्नावशेषमा फर्कन्छन्; २४ जूनमा ७.२ र ७.५ म्याग्निच्युडका विनाशकारी दुई भूकम्पले छोडेका चर्किएको कङ्क्रिटका पहाडहरूबिच खोजी गर्दै छन्। उनी अब जीवितहरू खोजीरहेका छैनन्। उनी सात जना आफन्तको शव खोजिरहेका छन्।

चिनोका आमाबाबु, नाति, दुई भतिजी तथा अन्य आफन्तहरू अपार्टमेन्ट भवन भत्किँदा भग्नावशेषमुनि बेपत्ता भए। उनकी श्रीमती र छोराछोरी भने बाच्न सफल भए।

केवल साबेल, पिक र अटल सङ्कल्प लिएर, चिनो हरेक दिन आफन्त र स्वयंसेवीहरूसँग घण्टौँसम्म खोजीमा लाग्छन्; एउटा आशा लिँदै कि कुनै सानो खोजले हप्तौँदेखि चलिरहेको पीडादायी अनिश्चितताको अन्त्य होस्।

"हामीलाई रोक्ने केही छैन," उनले भने। "हामी हातले, नङले, साबेल, हथौडा; जे छ त्यही लिएर खोजिरहने छौँ। यो हाम्रो परिवारप्रतिको कर्तव्य हो। यो हाम्रो पीडा हो।"

ला गुआइराका धेरै परिवार, चिनोको दु:ख पीडादायी रूपमा आफै भोगिरहेका छन्।

आधिकारिक मृतक सङ्ख्या पाँच हजार नाघिसकेको छ। हजारौँ परिवारहरू अझै भत्केका भवनमुनि बेपत्ता भएका आफन्तबारे जवाफ खोजिरहेका छन्। पुष्टि भएका मृत्यु र बेपत्ताहरूको अज्ञात अवस्थाबिच एउटा भावनात्मक शून्यता छ, जुन भूकम्पले छोडेको सबैभन्दा गहिरो घाउमध्ये एक बनेको छ।



*ला गुआइरामा आफ्ना प्रियजनहरूको खोजीमा मानिसहरूसँगै काम गर्दै।*

सहरभरि, एक्सकभेटरहरू कङ्क्रिटका पहाडमा परिणत भएका आवासीय भवनहरूबाट भग्नावशेष हटाइरहेका छन्। तर, परिवारहरूका लागि, उठाइने प्रत्येक कङ्क्रिटको स्ल्याबमा यो आशा जोडिएको छ; सायद अब आफ्ना प्रियजन अन्तत: भेटिन्छन् कि !

चिनोले भने, सबैभन्दा ठुलो चुनौती खोजी जारी राख्ने दृढ सङ्कल्प होइन, तर विशाल कङ्क्रिटका ब्लकहरू सुरक्षित रूपमा सार्न सक्ने भारी मेसिनको अभाव हो। धेरै परिवारहरू विश्वास गर्छन् कि विशेष उपकरणहरूमा छिटो पहुँच पाउन सके खोज-उद्धारको गति बढ्न सक्छ, जबकि अधिकारीहरू भने सबैभन्दा प्रभावित बस्तीहरूमा भग्नावशेष हटाउने समन्वय जारी राखेका छन्।

दिनहरू बित्दै जाँदा, हराएकाहरूको खोजी अब केवल भग्नावशेषभित्र सीमित रहेन, त्यसको दायरा बिस्तारै बाहिर सरेको छ।

अस्थायी फिल्ड कार्यालयहरूमा जहाँ अधिकारीहरूले व्यवस्था मिलाएका छन्; परिवारहरू आफ्ना हराएका आफन्तहरूको विवरण, फोटो र व्यक्तिगत जानकारी बुझाउँछन्। अधिकारीहरूले ती विवरणहरू समीक्षा गर्छन्, अभिलेखहरू मिलान गर्छन् र भग्नावशेषबाट बरामद भएकाहरूको पहिचान गर्न प्रयास गर्छन्।

शोकमा डुबेका परिवारहरूका लागि, यी कार्यालयहरू खोजीको अर्को चरण बनेका छन्; जहाँ उद्धार उपकरणहरूको होइन, कागजी प्रक्रिया प्रयोग हुन्छ। तर, उद्देश्य उहीँ छ; अन्तत: आफ्ना गुमाएका प्रियजनहरूबारे के भयो भने थाहा पाउने आशा।

खोज र उद्धार टोलीहरू भन्छन्, उनीहरूको काम अझै धेरै बाँकी छ।

"हामीले करिब २८० जनालाई जीवितै उद्धार गर्यौं र लगभग ४७७ जनाको शव फेला पार्‍यौँ," ला गुआइराका खोजी संयोजकहरूमध्ये एक डानी हेर्रेराले भने। "आज पनि, हामी पीडितहरू फेला पार्दै छौँ र भग्नावशेष हटाउँदै छौँ।"

उनको भनाइले देखाउँछ, यो विपत्तिको स्वरूप समयसँगै कसरी बदलिँदै गएको छ।

भूकम्पपछिका सुरूवाती दिनहरूमा उद्धारकर्ताहरू भत्केका भवनमुनि फसेका जीवितहरूलाई खोज्न समयसँग प्रतिस्पर्धा गरे। हप्तौँ बितेपछि, अभियान उद्धारबाट पुनर्प्राप्तितर्फ सरेको छ। मृतकको शव निकाल्ने, भत्केका बस्तीहरू सफा गर्ने र परिवारहरूलाई लामो समयदेखि प्रतिक्षा गरिरहेका उत्तरहरू दिलाउने काम हुँदै छ।

ला गुआइराका धेरै बासिन्दाका लागि अनिश्चितता नै अब सबैभन्दा कठिन बोझ बनेको छ।

बेपत्ता आफन्तको नियति थाहा नहुँदा न त अन्त्येष्टि गर्न सकिन्छ न चिहान बनाउन, न त शोक मनाउनै सकिन्छ।

ला गुआइरामा, त्रासदीको मापन अब भत्केका भवन वा हताहतको तथ्याङ्कले मात्र मापन गरिँदैन। यो कहिल्यै नफर्केका बच्चाहरूको प्रतिक्षामा रहेका आमाबाबु, श्रीमती खोजिरहेका पतिहरू र हराएको प्रियजनको नाम कसैले चिन्नेछ भन्ने आशामा रहेका हजुरबा हजुरआमाद्वारा मापन गरिन्छ।

चिनोको लागि, हार मान्नु कहिल्यै पनि विकल्प थिएन।

हरेक दिन ऊ उही भग्नावशेषमा फर्कन्छ; आफ्ना आफन्तहरूलाई खोज्नु भनेको शव प्राप्त मात्र गर्नु होइन भन्ने कुरामा विश्वस्त हुँदै छ। यो भग्नावशेषमुनि ज्यान गुमाएकाहरूको सम्मान पुनर्स्थापित गर्ने बारेमा हो।

दुईवटा भूकम्प गएको हप्तौँपछि धेरैजसो परिवारहरूले अब चमत्कारको आशा गर्न छोडेका छन्।

अहिले उनीहरूले खोजिरहेको कुरा निश्चितता हो; आफ्ना प्रियजनहरू कहाँ छन् भनेर थाहा पाउने, उनीहरूलाई सम्मानपूर्वक अन्त्येष्टि गर्ने र उनीहरूलाई बेपत्ता व्यक्तिहरूको सूचीमा केवल अङ्कको रूपमा होइन, जीवनको महत्त्व भएको मानिसको रूपमा सम्झिन सकिने सुनिश्चितता छ।

सम्पादकलाई चिठी



# चाँगु र सूर्यविनायकका अस्पतालमा प्रभावकारिता खोइ ?

सरकारले २०७७ सालमा एकै दिन ३९६ वटा स्थानीय तहमा आधारभूत अस्पतालको शिलान्यास गरेको थियो। पछि २६१ वटा स्थानीय तहमा अस्पताल निर्माण गर्ने निर्णय गरियो। यतिखेर १०९ वटा स्थानीय तहमा मात्र अस्पताल पूरा भएको, ३२६ वटा निर्माणाधीन अवस्थामा रहेको र बाँकी अस्पतालको निर्माण सुरु नै नभएको सार्वजनिक भयो।

भक्तपुर जिल्लाका चार स्थानीय तहमा नगर अस्पतालहरू सञ्चालित छन्। तर, चाँगु र सूर्यविनायक नगरपालिकाका अस्पतालहरूमा चिकित्सक, उपकरण र अन्य आवश्यक जनशक्ति व्यवस्था नहुँदा यहाँका बिरामीहरू च्याम्हासिंहस्थित ख्वप अस्पतालमा उपचार लिन बाध्य छन्। चाँगु र सूर्यविनायकका जनप्रतिनिधिहरू आ-आफ्नो नगर अस्पतालमा सेवा प्रवाह प्रभावकारी बनाउन किन चाहँदैनन् ? के चाँगु र सूर्यविनायकका जनताले आ-आफ्नो जनप्रतिनिधिसँग यो प्रश्न उठाउनु जरुरी छैन ?


*- केआर, चाँगु नपा*

# तिब्बतका लागि प्रस्थान

• अन्ना लुइस स्ट्रङ

*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ। 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन्। के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ। यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो।)*

'प्रजातान्त्रिक तिब्बत' को सुरुवात भएको हेर्ने पहिलो विदेशी टोली हामी थियौँ। आयोजक पेचिङ जन दैनिक (Peking People's Daily) का प्रतिनिधिहरूबाहेक पनि हामी १९ देशहरूबाट प्रतिनिधित्व गर्ने १९ जना लेखकहरू, रेडियो र टीभीका प्रस्तोताहरू ल्हासातर्फ उड्यौँ। ल्हासा १२,२००- १५,००० फिट उचाइमा अवस्थित घाँसे मैदान हो। चरनहरू योभन्दा बढी उचाइमा छन् र उडान हुने उचाइ कम्तीमा पनि २१,००० फिटको छ।




तिब्बतको नयाँ सरकारले १७ जुलाई १९५९ मा कानुनी रूपमा भूदास प्रथाको अन्त गरेको एक महिनापछि नै भूदासहरूको सङ्ख्यामा निकै कमी भयो। कानुन कार्यान्वयन गर्ने निकाय गठन हुन बाँकी नै थियो। हामी त्यही कुरा हेर्न गएका थियौँ।

५ महिनाअघि मात्रै ल्हासामा विद्रोहीहरूले हिंसा भड्काएका थिए। त्यसको नेतृत्व ६ जनामध्ये ४ जना कालुनहरू (Kaloons) अर्थात् स्थानीय सरकार कासाग (Kashag) का मन्त्रीहरू र माथिल्लो दर्जाका भिक्षुहरूले गरेका थिए। तिनीहरूले चीनले तिब्बतलाई छोड्नुपर्ने माग गर्दै केन्द्रीय सरकारका सबै कार्यालयहरू र तोपखानामा आक्रमण गर्न सैनिक प्रयोग गरे। विद्रोहलाई छिट्टै दबाइयो। केही विद्रोही नेताहरू पक्राउ परे, अरुहरू दलाइ लामासँगै भारतमा भागे।

सुधारका क्रममा यस्ता घटनाहरू धेरै लामो समयसम्म भइरहे। स्थानीय सरकार कासागका बहुमत विद्रोही नेताहरू मार्च २८ को दिन भाग्ने तयारी गरिरहँदा चिनियाँ राज्य परिषद् (State Council of China) ले तिब्बतको स्थानीय सरकार कासाग भङ्ग गर्ने र स्थानीय सरकार, तिब्बती स्वायत्त प्रदेशको तयारी वा तदर्थ समिति (Preparatory Committee for the Tibetan Autonomous Region) को हातमा दिने निर्णय गऱ्यो। १९५६ मा गठित सो तदर्थ समितिले पहिलेको तिब्बती सरकारको भन्दा बृहत् प्रतिनिधित्व गर्दथ्यो। यसले पहिले द्वन्द्व भएका क्षेत्रहरूलाई समेत एकीकृत गर्दथ्यो।

यसका अध्यक्ष दलाइ लामा थिए। उनको उपस्थिति नभए पनि अहिले उनी नै स्थापना गरिएका अध्यक्ष थिए। पन्चेन एर्डेनी (Panchen Erdeni) त्यसको उपाध्यक्ष थिए। दलाइ लामा नफर्केसम्मका लागि उनलाई कार्यकारी अध्यक्ष बनाइयो। सैनिक विद्रोहमा संलग्न समितिका सदस्यहरूलाई निलम्बन गरियो र तिनीहरूको ठाउँमा नयाँ सदस्यहरू नियुक्त गरिए। कुनै बाधा अवरोधबिना सरकार चलिरहयो र दुई वर्षभन्दा अगाडि नै तिब्बतभरि यसले प्रशंसा प्राप्त गऱ्यो। यद्यपि नीतिहरू परिवर्तन भए।

तदर्थ समितिको पहिलो अधिवेशन अप्रिल ८ मा सम्पन्न भयो। त्यसबेला विद्रोहीहरूले ल्हासा पार गरिसकेका थिए, तर लोका (Loka) वा टाकुन (Takun) छिरेका थिएनन्। त्यो सरकारले घोषणा गरेभन्दा केही बढी नै काम गऱ्यो र सरकारको जिम्मेवारी बहन गऱ्यो। त्यसपछि यसका सदस्यहरू चिनियाँ सरकार, राष्ट्रिय जनसभा अर्थात प्रतिनिधिसभा (National People's Congress) मा भाग लिनका लागि पेचिङ (Peking) गए। तिनीहरूमध्ये धेरैजना त्यसका सभासद् थिए। तिनीहरू फर्केपछि सो



तदर्थ समितिको दोस्रो बैठक जून २८ को दिन सुरु भएर केही हप्तासम्म चल्यो। सबै क्षेत्रका जनतालाई सो सभा अवलोकन गर्न निमन्त्रणा गरिएको थियो। तिब्बतको लामो इतिहासमा पहिलो पल्ट भूदासहरू आफ्ना मालिकहरूसँगै एउटै कोठामा बसेका थिए। ती दुईवटा सभाबिचको अन्तरालमा विद्रोहीहरू लोका र अन्य ठाउँहरूमा समाप्त भए र तिब्बतभरि किसान बैठकहरू सम्पन्न भए। तिनीहरूले नयाँ सरकारलाई समर्थन गरे, समाधानका उपाय बताउँदै दासप्रथाको उन्मूलन र 'प्रजातान्त्रिक सुधार' (Democratic Reform) को माग गरे।

त्यस प्रजातान्त्रिक सुधार दुई चरणमा लागू गरियो। व्यक्तिगत दासहरू र बलपूर्वक बनाइएका दासहरू उन्मूलन गरिए, उला (Ula) भनेर चिनिने विनाज्यालाको श्रम वा बेठ-बेगारी उन्मूलन गरियो, किसानहरूमा आधारित स्थानीय सरकारको गठनलाई लामो समयसम्म कायम राखियो र 'जमिन जोत्नेलाई' वितरण गरियो। कोही पनि मानिस कानुनभन्दा बाहिर रहेन। हरेक मानिसले आफ्नो स्वतन्त्रताको अधिकार पाए र हरेक समुदायले आफ्नै ऐन-नियम बनाए।

पन्चेन लामा स्वयम्ले मठहरूमा महत्त्वपूर्ण उल्लेखनीय परिवर्तनहरू भएको घोषणा गरे 'लामाहरूमाथि मात्रै होइन, सर्वसाधारणमाथि पनि लादिएका अदालतहरू, कारागारहरू, यातना प्रणाली र कोर्रा हान्ने प्रणालीको अन्त गरिनुपर्छ र धर्मभन्दा बाहिर कानुनअन्तर्गत प्रान्तीय अदालतको प्रणाली लागू गर्नुपर्छ।' त्यहीबेला सबै लामाहरूलाई नागरिकका रूपमा 'मानिसको स्वतन्त्रता' (Freedom of person) दिइयो। यसको अर्थ तिनीहरूलाई स्वेच्छाले मठलाई छोड्ने र बिहे गर्ने अधिकार दिइयो। धेरैजसो सानै उमेरमा मठमा आएका थिए र तिनीहरूले कहिल्यै स्वतन्त्र निर्णय गर्न पाएनन्। तल्लो तहका लामाहरूले आफू बसेको मठलाई छोड्ने कुरामा कसैलाई शङ्का थिएन। सभाको छलफलमा भनिएझैं तिनीहरू 'भिक्षुको भेषमा दासहरू' थिए।

कानुनी तवरमा बाल-बालिकाहरूलाई मठ छोड्ने स्वतन्त्रता भएपछि मठहरूको सङ्ख्यामा कमी आउने सम्भावना थियो। मठहरू घट्नु भनेको तिब्बतका लागि महत्त्वपूर्ण लाभ हुनु हो। तिब्बतमा भिक्षुहरूलाई बिहे गर्न र सन्तान जन्माउन बन्देज लगाइएको थियो र भिक्षुहरू शील उपदेशलाई महामारी प्लेगले पछ्याएजस्तै पछ्याउने हुनाले लामो समयदेखि तिब्बतको जनसङ्ख्या घट्ने क्रममा थियो। बिहेवारी र जन्मदर बढ्नेछ र शताब्दीऔं अगाडि देखिको जनसङ्ख्या घट्ने क्रम अन्त हुनेछ।

ती परिवर्तनहरू जुलाई १७ को पुन:समाधान पछि मात्र सुरु भएका थिए। भ्रमण दलका सदस्यहरू तिब्बतमा जाने र हेर्ने सौभाग्य पाएका पहिलो विदेशीहरू थिए।

भ्रमण दल २:३० बजे चिङ्घाई प्रान्तको राजधानी सिनिङ (Sining) मा पुग्यो। प्रान्तीय अधिकारीसितको अन्तर्वार्ताबाट सिनिङ सहर चिङ्घाई (Chinghai) भन्दा धेरै पुरानो भएको थाहा भयो। यो १४०० वर्ष अगाडिको ताङ वंश (Tang Dynasty) को सुरक्षा पर्खाल रहेछ।

अर्को अधिकारीबाट थाहा भयो चिङ्घाई प्रान्त ठुलो प्रशासनिक एकाइका रूपमा गठन भएको रहेछ। यसमा सेन्सी (Shenisi) र कान्सु (Kansu) पर्दछ। यसको हालको पर्खाल १९२९ मा बनाइएको थियो। त्यसबेला युद्ध सरदारहरूमध्येका बर्बर तथा क्रूर युद्ध सरदार मा पु फाङ (Ma Pu Fang) ले च्याङ काई सेक (Chiang Kai Shek) सित सम्बन्ध गाँसेको थियो। चिङ्घाई तिब्बतसँग जोडियो र 'विश्वको छानो' (Roof of the World) को हिस्सा भयो। सिनिङ वरपरको उत्तरी भाग ७-८ हजार फीट उचाइमा छ र दक्षिणी भागमा ठुलो पहाडी शृङ्खलाहरू र उच्च उपत्यकाहरू छन्।

दलाइ लामाले जून ३० को दिन भारतबाट निकालेको चीनविरोधी वक्तव्यमा 'ठुलो तिब्बत' (Greater Tibet) का लागि चिङ्घाइका अधिकांश भागको दाबी गरे। 'ती पाँचवटा स्वायत्त तिब्बतको भूभागलाई किन चिङ्घाइमा जोडियो?' वास्तवमा ती तिब्बतका विभिन्न पाँच वटा चिङ्घाईमा जोडिएका क्षेत्रहरू उच्च पहाडी शृङ्खलाहरूले गर्दा यति धेरै भिन्न छन् कि तिनीहरू विरलै मात्र एक अर्कालाई बुझ्छन्। त्यसैले एउटै नबनाई पाँच क्षेत्रहरू भएका हुन्।

"अहिले चिङ्घाईमा दाबी गरेजस्तै के कुनै कालमा ल्हासाका कुनै भागमा चीनले शासन गरेको थियो त?" मैले सोधेँ।

"कहिले पनि चिनियाँ शासकहरूले त्यसरी शासन गरेनन्। तिनीहरूले क्षेत्रीय अधिकारीहरूलाई नै प्रत्यक्ष शासनाधिकार दिए।"

लामो सामन्ती शासनमा मठहरू स्वयम्बाट धर्माधिकारी शासनको अभ्यास भएको थियो। आफ्नो स्वामित्वमा रहेको धेरै जग्गाजमिन तिनीहरू अरुलाई गर्न दिन्थे र दबाउँथे। माथिल्ला तहका लामाहरू ल्हासामा तीर्थ गर्न जान्थे र बुरियत मङ्गोलिया (Buriat Mongolia) सम्मबाट नजराना उठाउँथे। बुरियत मङ्गोलिया अहिले सोभियत सङ्घ (USSR) मा पर्छ। तर, सोही जातिले चीनको केन्द्रिय सरकारले मान्यता दिएको अध्यक्षलाई नजराना तिर्छ र ल्हासा स्वयम्ले पनि ताङ वंश (Tang Dynasty) देखि पेचिङलाई नजराना दिँदै आएको छ। ल्हासामा धर्ममा आधारित नभएको सरकार कासाग (Kashag) को गठनपछि यसले आदेशअनुसार कहिल्यै ताङ ला (Tang La) पहाडी शृङ्खला पार गरेन। दलाइ लामाले अहिले विदेशी भूमिमा बसेर गरेको दाबी उनका आफ्ना भनाइहरू होइनन्।

हान जातिलाई बसोबास गराएर तिब्बतीहरूलाई सखाप पार्ने पेचिङ लागिरहेको भन्ने दलाइ लामाको दाबी निराधार छ। तिब्बती नयाँ सरकारले तिब्बतको कुनै पनि ठाउँमा नयाँ बसोबास गराएको छैन।

दोस्रो दिनदेखि सबैजना गुमबुम मठ (Gumbum Monastery) भ्रमणका लागि तयारी गर्दै थिए। तिब्बतमा अहिले लोप भइसकेको धर्म पहेँलो मत (Yellow Sect) का प्रवर्तक तथा १४ औं शताब्दीका महान् सुधारक सोङ खापा (Tsong Khapa) को जन्मस्थलको रूपमा यो ठाउँ प्रख्यात छ। उनका १० जनामा २ जना शिष्यले पुनर्जन्म लिन्छ भन्ने किंवदन्ती छ र दलाइ लामा र पन्चेन एर्डेनी उनका पुनर्जन्म लिने शिष्यहरू हुन् भनिन्छ।

गुमबुम मठमा पहिला तीन हजार लामा बस्ने गरेका थिए। किसानहरूले जग्गा पाएपछि र लामाहरूले 'नागरिक स्वतन्त्रता' पाएपछि अहिले त्यहाँ ४९६ मात्र लामाहरू बाँकी भए।

**ल्हासाको रमणीय यात्रा**

अगस्त ११ को दिन सिनिङमा भ्रमण दलका सदस्यहरू सुत्ने बेलासम्म पनि आकाश गर्जिरहेको र चट्याङ परेको थियो। भोलिपल्ट बिहान मिर्मिरेमा ताराहरू चम्किरहेका थिए र मौसम सफा भइसकेको थियो।

सिनिङमा ४ दिन र पेइटाइहो (Peitaiho) मा एक दिन आराम गरिसकेपछि सबैजना हिँड्नका लागि तयार भए। भ्रमण दल ६ बजे होटेलबाट हिँड्यो, सोभियत सङ्घमा निर्मित ४ वटा विमानहरू लहरै राखिएका थिए। प्रत्येक विमानमा ८ जना अटाउँथ्यो। भ्रमण दलमा ३० जनाभन्दा बढी सदस्यहरू थिए - १९ जना विदेशी प्रतिनिधि, दुई जना चिनियाँ आयोजक, दोभाषेहरू र डाक्टर र बाटो देखाउने स्थानीय विमानस्थलका उच्च अधिकारीहरू।

त्यस बाटोमा उडान गर्ने सबैभन्दा वृद्ध म नै भएकी हुँदा तिब्बतसम्मको यात्रा सुरक्षितसाथ मात्र नभई राम्रो स्वास्थ्यका साथ यात्रा गराउन तिनीहरूले 'हेरचाहपूर्वक ठीक ठाउँमा' (Right side up with care) भन्ने कार्यक्रम बनाएर मेरा लागि विशेष विछ्यौनाको जोहो गर्नतिर लागे।

क्षितिजमा सूर्य देखापरिसकेको थियो। २० मिनेटपछि हावा मापक यन्त्र (Barometer) ले ४५०० मिटर माथि देखायो। पहिले ठुलो नुन ताल (Great Salt Lake) देखियो। चिनियाँहरू आज यसलाई चिङ्घाई (Chinghai) भन्छन् र यसैको नामबाट प्रान्तको नामकरण भएको हो।

भ्रमण दल ६६०० मिटर (झण्डै २२००० फिटको) उचाइमा पुग्यो। ताङ ला पहाडी शृङ्खला २०,००० फीट उचाइको मात्र होइन धेरै लामो र फराकिलो पनि छ। चिङ्घाई र तिब्बतबिचको त्यस ठुलो अवरोधलाई हटाउने कुनै उपाय छैन। १ बजे भ्रमण दल तिब्बतको विमानस्थलमा पुग्यो। विमानभित्रबाट देखिएका दृश्यहरू तेजस्वी टुप्पोहरूमा फुलेका गुलाफ र लामो हरिया हिमालहरूमा देखिएका घाँसे मैदान प्रकाशमै हराए।

भ्रमण दललाई ल्हासामा स्वागत समितिले स्वागत गऱ्यो। तिनीहरूले १३ वटा मोटर पनि साथमा ल्याएका थिए। केही वर्षअघि ठेलागाडा पनि नपुगेको ल्हासामा मोटर पुगेको थियो। अघिल्लो स्थानीय सरकार कासागले पेचिङलाई नजिकको अखडामा आउने अनुमति दिएको थिएन। तेस्रो अचम्म, पश्चिमी सञ्चारले तिब्बतका क्रूर दमनकर्ताको रूपमा प्रचार गरेको चीनको केन्द्रीय सरकारले तिब्बतमा विमान सञ्चालनजस्तो राष्ट्रिय सुरक्षाका महत्त्वपूर्ण क्षेत्रहरू समेत स्थानीय सरकारलाई जिम्मा दिएको थियो।

दिवाभोजको समयमा प्रचार विभाग प्रमुख फाङ त्से सिङ (Fang Tse–Shing) ले आफ्नो छोटो भाषणमा भने, "लाखौं भू-दासहरू उठे तिनीहरूले पुरानो भूदास प्रथालाई गाडे र नयाँ तिब्बतको निर्माण गरे। शताब्दीऔंसम्म सामन्तवादमा रुमल्लिएको यो भूमिले जीवन पाएको छ। यसका जनताले अब आफ्नै हातले आफ्नो भाग्य निर्माण गर्नेछन्। तिनीहरू प्रजातान्त्रिक तिब्बतको निर्माण गरिरहेका छन् र पछि समाजवादी तिब्बतको निर्माण हुनेछ। सामन्तवादका उद्घोषहरू सबै बेकार भएका छन्। इतिहासको पाङ्ग्रो सधैं अगाडि नै बढ्छ, पछाडि होइन।"

साँझ हुनुअघि नै ल्हासा पुग्नका लागि हामी कम उचाइमा झऱ्यौं। पशुहरूको बिचमा वा ढुङ्गाको ओत लाग्ने ठाउँमा गोठालाहरू देखिए। तिनीहरूले लगाएको झुत्रो र मैलो लुगाहरूले तिनीहरूको अविश्वसनीय गरिबीलाई सङ्केत गर्दै थियो।

भ्रमण दल हिँडिरहेको सडक फराकिलो र आवागमन व्यवस्थित थियो। त्यो सिनिङ - ल्हासा प्रमुख राजमार्गको एउटा भाग थियो। भ्रमण दलले ल्हासा पुग्नुअघिसम्ममा ५७ वटा सामान ओसार्ने ट्रकहरू बाटोमा भेट्यो। बाटामा धेरै पुरुष र महिलाहरू पुन: निर्माण समूहका थिए। हरेकपल्ट हरेक टोलीले भ्रमण दललाई स्वागत गर्थ्यो। महिलाहरूको समूह काम गर्दागर्दै गाइरहेको थियो।

१९५५ मा तिब्बत भ्रमण गरिसकेका प्रतिनिधिले तिब्बतमा पहिले कहिल्यै सुखी (livelier) मानिस नदेखेको बताए। 'तिनीहरू पहिले यस्ता थिएनन्। तिनीहरू सजीव भएका छन्।'

विस्तारै भ्रमण दल उच्च पहाडबाट उपत्यकामा झऱ्यो। बाटो हिमालको खोंचै खोंच तल झऱ्यो। ड्रीपुङ (Drepung) भनिने ठुलो मठ पार गरेर ठुलो उपत्यकामा प्रवेश गर्दा पश्चिममा सूर्य डुबिसकेको थियो। ड्रीपुङ तिब्बतको सबैभन्दा ठुलो मठ हो।

***स्रोत: तिब्बतका भू-दासहरू उठ्दा***




अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प संरा अमेरिकाको जर्जिया राज्यको मारियटा सहरमा एक विद्यालयमा सम्बोधनका लागि पुग्न लाग्दा लूट बन्द गर र ट्रम्पलाई जेलमा कोचजस्ता नारा लगाएर विरोध प्रदर्शन गर्दै अमेरिकी जनता जुलाई २२, २०२६ का दिन । ट्रम्पले निर्वाचनमा व्यक्त गरेको शान्तिको योजनाविपरीत युद्ध र कुशासनतर्फ उन्मुख भएको भन्दै अमेरिकाभर विरोध भइरहेको छ ।

*तस्बिर : एटलान्टा जर्नल/एपी*

# प्रश्नपत्र चुहावट मुद्दामा फास्ट ट्र्याक अदालत बनाउने मोदीको घोषणा

नयाँदिल्ली, ७ साउन (एएनआई) । एनइइटी परीक्षा प्रश्नपत्र चुहावट प्रकरणलाई लिएर देशभर विरोध प्रदर्शन चर्किरहेका बेला भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रश्नपत्र चुहावटमा संलग्न व्यक्तिलाई छिटो र कडा सजाय दिन फास्ट ट्र्याक अदालत स्थापना गर्ने घोषणा गर्नुभएको छ । उहाँले युवाको भविष्यसँग खेलवाड गर्ने जोसुकैलाई पनि नछोडिने स्पष्ट पार्दै सम्बन्धित निकायलाई आवश्यक सबै प्रक्रिया तत्काल अघि बढाउन निर्देशन दिनुभएको छ ।

सामाजिक सञ्जाल एक्समार्फत प्रधानमन्त्री मोदीले युवाको भविष्य सरकारको सर्वोच्च प्राथमिकतामा रहेको उल्लेख गर्दै प्रश्नपत्र चुहावटमा संलग्नलाई कानुनी दायरामा ल्याई शीघ्र सजाय सुनिश्चित गर्न विशेष अदालत गठन गर्ने निर्णय गरिएको बताउनुभयो । विद्यार्थीको हित संरक्षणका लागि सरकारले थप कदम चाल्दै जाने र युवाको भविष्यमा क्षति पुऱ्याउने प्रयास कसैलाई पनि छुट नदिइने उहाँको भनाइ छ ।

प्रधानमन्त्रीको यो घोषणा जुलाई २० देखि 'चलो संसद्' अभियानसहित दिल्लीलगायत विभिन्न सहरमा भइरहेको प्रदर्शनका बिच आएको हो । आन्दोलनरत पक्षले आन्दोलन अन्त्यका लागि तीनवटा प्रमुख माग अघि सारेको छ ।

आन्दोलनका प्रवक्ता सौरभ दासले शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा, एनइइटी प्रश्नपत्र चुहावटका कारण आत्महत्या गरेका विद्यार्थीका परिवारलाई एक करोड रुपैयाँ क्षतिपूर्ति तथा शान्तिपूर्ण प्रदर्शनकारीविरुद्ध दर्ता गरिएका सबै मुद्दा फिर्ता लिनुपर्ने माग राख्नुभएको छ । साथै, भविष्यमा शान्तिपूर्ण प्रदर्शनमा सहभागी भएकामाथि यस्ता मुद्दा नचलाइने सरकारी प्रत्याभूति पनि माग गरिएको उहाँले बताउनुभयो ।

दासले शिक्षामन्त्रीको राजीनामा आन्दोलनको अपरिवर्तनीय माग भएको उल्लेख गर्दै माग पूरा नभएसम्म आन्दोलन जारी रहने स्पष्ट पार्नुभयो ।

दासका अनुसार अस्पतालमा उपचाररत आन्दोलनकर्मी सोनम वाङ्चुकसँग पटक-पटक छलफल भएको र आन्दोलनलाई पूर्ण रूपमा शान्तिपूर्ण बनाइराख्ने सहमति भएको छ । वाङ्चुकले पनि सार्वजनिक रूपमा प्रदर्शनकारीलाई संयम अपनाउन र आन्दोलनलाई शान्तिपूर्ण रूपमा अघि बढाउन अपिल गर्नुभएको दासले जानकारी दिनुभयो ।

उहाँले विगतका आन्दोलनमा असामाजिक तत्व घुसाएर शान्तिपूर्ण प्रदर्शनलाई बदनाम गर्ने प्रयास हुने गरेको आरोप लगाउँदै यसपटक त्यस्तो अवस्था दोहोरिन नदिन सतर्क रहन आग्रह गर्नुभयो ।

दिल्ली प्रहरीका अनुसार प्रदर्शनका क्रममा भएको झडपमा विशेष आयुक्तदेखि सहायक आयुक्त तहसम्मका वरिष्ठ अधिकारी तथा महिला प्रहरीसहित ११८ भन्दा बढी प्रहरी कर्मचारी घाइते भएका छन् । घटनामा करिब ६० जना प्रदर्शनकारी पनि घाइते भएको जनाइएको छ ।

# युक्रेन युद्धबारे अमेरिका र रुसका कूटनीतिज्ञबिच मनिलामा छलफल

मनिला (फिलिपिन्स), ७ साउन (एएफपी) । मनिलामा दक्षिणपूर्वी एसियाली नेताहरूको शिखर सम्मेलनको अवसरमा बिहीबार भएको बैठकमा शीर्ष अमेरिकी र रुसी कूटनीतिज्ञहरूले युक्रेन युद्धको बारेमा छलफल गरेको बताइएको छ ।

दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्घ (आसियान) को बैठकका लागि अमेरिकी विदेशमन्त्री मार्को रुबियो र रुसी विदेशमन्त्री सेर्गेई लाभ्रोभ दुवै फिलिपिन्समा रहेको जनाइएको छ ।

अमेरिकी विदेश मन्त्रालयले थप विवरणहरू उल्लेख नगरी दुवैले "अमेरिका र रूस सम्बन्धका साथै रूस र युक्रेन युद्ध अन्त्य गर्ने आवश्यकताको बारेमा छलफल गरेको बताएको छ ।



उनीहरूले मध्यपूर्वका द्वन्द्वबारे पनि छलफल गर्ने अपेक्षा गरिएको थियो, जसमा मस्कोले आफ्नो सहयोगी इरानमाथि वासिङ्टनले गरेको आक्रमणको निन्दा गरेको छ ।

युक्रेनको युद्धले रूस र संयुक्त राज्य अमेरिकाको अन्य विषयहरूमा सहमति गर्ने क्षमतालाईसमेत बाधा पुऱ्याएको रुबियोले पत्रकारहरूसँग बताए ।

सम्भावित सहयोगका अन्य क्षेत्रहरू तथा उपायहरू खोज्न तयार रहेको जनाउँदै उनले आफूहरू यो युद्ध समाप्त भएको हेर्न चाहेको बताए ।

पछिल्लो समयमा युक्रेनमा द्वन्द्व अन्त्य गर्ने उद्देश्यका छलफलहरू रोकिएको तथा अमेरिकाको ध्यान अब मध्यपूर्वमा केन्द्रित रहेको जनाइएको छ ।

युक्रेनी राष्ट्रपति जेलेन्स्कीले सामाजिक सञ्जाल एक्समा अमेरिकी दूतहरू स्टीभ विटकोफ र जारेड कुशनरसँग "कूटनीति कसरी पुनर्जीवित गर्ने भन्नेबारे महत्त्वपूर्ण छलफल गरेको जनाइएका छन् । पछिल्लो समयमा युक्रेनले समुद्रमा प्रशोदित तेल डिपोहरू र कार्गो जहाजहरूलाई लक्षित गर्दै आफ्नो ड्रोन आक्रमणहरू बढाइरहेको छ, जसको कारणले रूसमा इन्धनको अभाव निम्त्याएको जनाइएको छ ।

जुनको अन्त्यमा युक्रेनको राजधानी किएभमा रूसी क्षेप्यास्त्र र ड्रोनले प्रहार गर्दा कम्तीमा ३० जनाको मृत्यु भएको जनाइएको थियो ।

# प्यालेस्टिनी समकक्षी बैङ्कसँग सेवा सम्बन्ध छुटाउने तयारीमा इजरायली बैङ्कहरू

रामल्लाह, प्यालेस्टिन, ७ साउन (एएफपी) । इजरायली बैङ्कहरूले आफ्ना समकक्षी प्यालेस्टिनी बैङ्कहरूलाई सूचित गर्दै उनीहरूले केही हप्ताभित्र बैङ्किङ सेवाहरू समाप्त गर्ने इच्छा व्यक्त गरेको जनाइएको छ । इजरायली र प्यालेस्टिनी अधिकारीहरूले भने इजरायलले यो इच्छा कार्यान्वयन गरेमा वेस्ट ब्याङ्क क्षेत्रमा थप आर्थिक सङ्कट बढ्ने जनाएका छन् ।

यी बैङ्किङ सेवाहरू इजरायलबाट कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा बिजुली, पानी, इन्धन र खानासहित इजरायलमा काम गर्ने प्यालेस्टिनीहरूले कमाएको ज्याला हस्तान्तरण गर्न जस्ता आवश्यक कामका लागि प्रयोग भइरहेको जनाइएको छ ।

इजरायली बैङ्कमा निर्भर रहेका पाँच वटा प्यालेस्टिनी बैङ्कहरूले अगस्ट -१३ को पत्राचारपछि बैङ्क सेवाहरूको पहुँच गुमाउने प्यालेस्टिनी बैङ्कका अधिकारीहरूलाई उद्धत गर्दै एएफपीले जनाएको छ ।

यसैगरी डिस्काउन्ट ब्याङ्कमार्फत सेवा प्रवाह गर्ने ब्याङ्कहरूले सेप्टेम्बर -१ बाट सेवा कटौतीको सामना गर्नुपर्ने जनाइएको छ ।

इजरायलको अर्थ मन्त्रालयले दुई वटा बैङ्कहरूले आफ्ना प्यालेस्टिनी समकक्षहरूसँग सेवा सहकार्यको सम्बन्ध अन्त्य गर्ने प्रस्ताव गरेको पुष्टि गरेको छ । समग्र जोखिमको वातावरण र बैङ्किङ संस्थाहरू विरुद्धका सवालहरूमा बढ्दो चिन्ताको कारण इजरायली बैङ्कहरूले समकक्षता बैङ्किङ सेवाहरू प्रदान गर्न बन्द गर्ने घोषणा गरेको मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ ।

मन्त्रालयले इजरायलको सुरक्षा र आर्थिक हितको रक्षा गर्दै सुरक्षित र जिम्मेवार तरिकाले पत्राचार गरी बैङ्किङ गतिविधिहरू जारी राख्न सक्षम बनाउन बैङ्कहरूसँग छलफल गरिरहेको जनाएको छ ।

हाल यी दुई बैङ्कहरूले प्यालेस्टिनी र इजरायली वित्तीय प्रणालीहरू बिचको पुलको रूपमा सेवा गर्दै आएको जनाइएको छ ।

इजरायली बैङ्कका अधिकारीलाई उद्दृत गर्दै एएफपीले व्यावसायिक बैङ्कहरू अब मनी लान्ड्रिङ वा आतंकवादी वित्तपोषणको सम्भावित जोखिम जोखिमहरू बहन गर्न नचाहेको र पछिल्लो समयमा यस्तो जोखिम बढ्दै गएकाले सेवा सम्बन्ध अन्त्ये गर्ने निर्णयमा पुगेको जनाएको छ ।

अर्थ विज्ञहरूलाई उद्दृत गर्दै बैङ्किङ सम्बन्धहरू तोड्नाले थप लेनदेनहरू नगदमा बाध्य पार्न सक्ने र बैङ्किङ सङ्कटको जोखिम बढ्न गई अनौपचारिक अर्थव्यवस्था विस्तार गर्न सक्ने चेतावनी दिएको जनाएको छ ।

प्यालेस्टिनी प्राधिकरण स्थानीय बैङ्कहरूको सबै भन्दा ठूलो उधारकर्ता भएकाले यो सार्वजनिक क्षेत्रको तलब र बजेट घाटाको वित्तपोषण गर्न इजरायली बैङ्कहरू माथि निर्भर रहेकाले यदि बैङ्किङ सेवाहरूको सहकार्य अन्त्य भयो भने प्राधिकरण आर्थिक सङ्कटमा पुग्ने स्थानीय व्यापारीहरूले जनाएका छन् ।

इजरायलले प्राधिकरणको तर्फबाट सङ्कलन गर्ने भन्सार राजस्वको हस्तान्तरण निलम्बन गरेपछि प्यालेस्टिनी प्राधिकरण पहिले नै तीव्र आर्थिक दबाबमा रहेको जनाइएको छ ।

# इरान युद्धका लागि अमेरिकी तल्लो सदनबाट ९५ अर्ब डलरको बजेट स्वीकृत

वासिङ्टन, ७ साउन (एएफपी) । अमेरिकी तल्लो सदन हाउस अफ रिप्रेजेन्टेटिभ्सले इरानविरुद्धका सैन्य अभियानलाई केन्द्रमा राखेर तयार गरिएको ९५ अर्ब अमेरिकी डलरको बजेट ढाँचा बुधबार पारित गरेको छ । फिनो मतान्तरले स्वीकृत भएको यो प्रस्ताव अब सिनेटमा पुग्नेछ र त्यहाँ यसको अनुमोदन हुने-नहुनेबारे अझै अनिश्चितता रहेको छ ।

२१६-२१४ मतले पारित भएको उक्त बजेट प्याकेजअन्तर्गत ७३ अर्ब डलर सशस्त्र सेना र गुप्तचर निकायका लागि छुट्याइएको छ । यो रकम विशेष रूपमा इरानविरुद्ध सञ्चालन भइरहेका सैन्य तथा सुरक्षा अभियानमा खर्च गरिने जनाइएको छ ।

यसैगरी, राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापार नीतिबाट प्रभावित किसानलाई राहत दिन १२ अर्ब डलर विनियोजन गरिएको छ । थप १० अर्ब डलर भने राष्ट्रव्यापी निर्वाचनसम्बन्धी कार्यक्रमका लागि छुट्याइएको छ । यो व्यवस्था ट्रम्पले अघि बढाउन खोजेको नयाँ मतदान प्रतिबन्धसम्बन्धी योजनासँग जोडिएको भए पनि उनको व्यापक 'सेभ अमेरिका एक्ट' लाई आवश्यक राजनीतिक समर्थन भने प्राप्त हुन सकेको छैन ।

नोभेम्बरमा हुने मध्यावधि निर्वाचनअघि रिपब्लिकनहरूको प्रमुख संसदीय प्राथमिकताका रूपमा हेरिएको यो प्रस्ताव अहिले प्रारम्भिक बजेट ढाँचा मात्र हो । सिनेटबाट स्वीकृति पाएमा प्रतिनिधिसभाका रिपब्लिकन सांसदहरूले आगामी महिनाहरूमा यसको विस्तृत कानुनी मस्यौदा तयार गर्नेछन् ।

त्यसपछि सिनेटमा सामान्यतया आवश्यक पर्ने ६० मतको समर्थनविनै विशेष बजेट प्रक्रियामार्फत साधारण बहुमतका आधारमा विधेयक पारित गराउने रणनीति अपनाइने अपेक्षा गरिएको छ ।

सदनका सभामुख माइक जोनसनले यो निर्णयले कङ्ग्रेसका रिपब्लिकनहरूलाई अमेरिकी निर्वाचन प्रणालीलाई सुरक्षित बनाउने र राष्ट्रिय सुरक्षालाई थप सुदृढ गर्ने दुई प्रमुख उद्देश्य कार्यान्वयन गर्ने मार्ग प्रशस्त गरेको बताउनुभयो ।

यता, डेमोक्रेटिक सांसद रोजा डेलोरोले भने इरानविरुद्धको युद्धलाई निरन्तरता दिन आर्थिक स्रोत उपलब्ध गराउने भन्दै उक्त बजेटको आलोचना गर्नुभयो । उहाँले अमेरिकी नागरिकले मध्यपूर्वमा थप खुला, महँगो र दीर्घकालीन युद्ध नभई खाद्यान्न, आवास, स्वास्थ्य सेवा, बाल हेरचाह र इन्धनजस्ता अत्यावश्यक वस्तु तथा सेवाको मूल्य घटेको देख्न चाहेको बताउनुभयो ।

अमेरिकामा बढ्दो जीवनयापन खर्च र निरन्तर मुद्रास्फीति आगामी मध्यावधि निर्वाचनका प्रमुख राजनीतिक मुद्दामध्ये एक बनेका छन् र यसले यो बजेट प्रस्तावमाथिको बहसलाई थप संवेदनशील बनाएको छ ।

# स्ट्रेट अफ हर्मुज पार गर्ने प्रयासमा रहेका तीन वटा तेल ट्याङ्कर इरानी नियन्त्रणमा

तेहरान, ७ साउन (सिन्हुवा) । इरानको इस्लामिक रिभोलुसन गार्ड कर्प्स (आइआरजिसी) ले तीन वटा तेल ट्याङ्करहरूलाई स्ट्रेट अफ हर्मुजबाट जानबाट रोकेको उल्लेख गर्दै यीनीहरू मध्ये एउटामा विस्फोट पछि आगलागी भएको जनाएको छ ।

अमेरिकी सेनाद्वारा उक्साइएको र प्रलोभनमा परेका तीन वटा तेल ट्याङ्करहरू स्ट्रेट अफ हर्मुजको दक्षिणमा राखिएको मार्गबाट गुज्रने प्रयास गरिरहेको अवस्थामा नियन्त्रणमा लिएको जनाइएको छ । इरानी मिडियाले उद्धृत गरेको विज्ञप्तिमा संयुक्त राज्य अमेरिकाले सम्झौता नमानेर धोका दिएको र इरानको सहमतिबिना जलमार्ग क्रस गर्न चाहने कुनै पनि जहाजले यस्तै अवस्था भोग्नुपर्ने उल्लेख गरिएको छ ।

अमेरिकी क्षेप्यास्त्रहरूले पश्चिमी इरानको अहवाज, रामसिर र एन्डिमेस्क सहरहरू, दक्षिणी इरानको बुशेहर आणविक ऊर्जा संयन्त्र नजिकैको पावर स्टेसन नजिकका स्थानहरूमा प्रहार गरेको र इराकी सिमानामा रहेको शालमचेह सहरमा दुई जनाको मृत्यु भएको इरानी मिडियाले जनाएको छ ।

अमेरिकी सेन्ट्रल कमाण्डले आक्रमणको उद्देश्य क्षेत्रीय जलमार्ग पार गर्ने नागरिक नाविकहरू र व्यावसायिक जहाजहरूलाई धम्की दिने इरानको क्षमतालाई अझ कम गर्नु रहेको जनाएको छ भने हाल दुवै पक्षले स्ट्रेट अफ हर्मुजको नियन्त्रणका लागि प्रतिस्पर्धा गरिरहेका छन् ।

सोही विषयमा इरानी विदेश मन्त्री सैयद अब्बास अराघचीले सामाजिक सञ्जाल एक्स मार्फत इरानले आत्मरक्षा सिद्धान्त अपनाउने र आफ्नो पूर्वाधारसहित इरानविरुद्धको कुनै पनि आक्रमणको शक्तिशाली र निर्णायक जवाफ दिन बाध्य हुने बताउनुभएको छ ।

# जनविश्वासको केन्द्र बन्दै ख्वप अस्पताल

## एक वर्षमा ७४ जिल्लाका ३ लाख २७ हजारभन्दा बढी बिरामीलाई सेवा प्रदान

✍ कृतिका प्रजापति

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले नागरिकलाई गुणस्तरीय तथा सुलभ स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। भक्तपुर नगरपालिकाले स्वास्थ्य सेवा विस्तारका लागि पूर्वाधार निर्माण, आधुनिक उपकरण खरिद तथा विशेषज्ञ सेवा प्रवाहमा निरन्तर जोड दिँदै आएको छ। नागरिकलाई आफ्नै नगरभित्र विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यअनुसार ख्वप अस्पताललाई क्रमश: आधुनिक सुविधासम्पन्न अस्पतालका रूपमा विकास गर्दै आएको छ। यसबाट नगरवासी मात्र नभई भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक तथा काठमाडौं उपत्यकाका अन्य क्षेत्रका सेवाग्राहीले समेत प्रत्यक्ष लाभ पाइरहेका छन्। देशैभरका अस्पतालहरू हप्तामा दुई दिन बिदा भई बिरामीहरू समस्यामा परिरहेको बेला भक्तपुरको ख्वप अस्पतालले भने हप्तैभरि सेवा दिएर उदाहरण प्रस्तुत गरेको छ।

ख्वप अस्पतालमा ओपीडी सेवा, आकस्मिक उपचार, प्रयोगशाला परीक्षण, एक्स-रे तथा अल्ट्रासाउन्ड सेवा, मातृ तथा शिशु स्वास्थ्य सेवा, खोप कार्यक्रम, स्वास्थ्य परामर्श सेवा नियमित रूपमा सञ्चालन भइरहेका छन्। हाल बाल रोग, नाक-कान र घाँटी रोग, हाडजोर्नी तथा नशा रोग, दम तथा छाती रोग, स्त्री रोग, छाला रोग, भिडियो एक्स रे, इन्टरनल मेडिसिन, एम.डी.जी.पी., दन्त सेवा, जनरल सर्जरी, मुटुरोग, न्युरो सर्जरी सेवा, मानसिक रोग सेवा, नेफ्रोलोजी सेवा, युरोलोजी सेवालगायतका विशेषज्ञ सेवा अस्पतालले प्रदान गर्दै आएको छ।

अस्पतालले आधुनिक स्वास्थ्य उपकरण, दक्ष जनशक्ति तथा सेवामैत्री वातावरणमार्फत उपचार सेवालाई थप प्रभावकारी बनाउँदै लगेको छ। साथै, जनस्वास्थ्य प्रवर्द्धन, रोगको समयमै पहिचान तथा स्वास्थ्य सचेतना अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

स्थानीय तहको आफ्नै स्वास्थ्य संस्थाका रूपमा ख्वप अस्पतालले भक्तपुरवासीलाई सहज, भरपर्दो र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउँदै समुदायको स्वास्थ्य सुधारमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ।

ख्वप अस्पतालको इतिहास भक्तपुर नगरपालिकाद्वारा वि.सं. २०३० सालमा स्थापना गरिएको जनस्वास्थ्य सेवा केन्द्रसँग जोडिएको छ। २०७९ सालको स्थानीय तहको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीले ख्वप अस्पताललाई स्तरोन्नति गरी १०० शय्याको सुविधासम्पन्न अस्पतालको रूपमा विकास गर्ने, वडा-वडामा स्वास्थ्य उपचार केन्द्रको विस्तार गरी विशेषज्ञ चिकित्सकहरूसहितको नियमित स्वास्थ्य शिविर सञ्चालन गर्नेलगायत प्रतिबद्धता गरेको थियो। भक्तपुरवासीलाई गुणस्तरीय तथा सहज स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले स्थापना गरिएको उक्त जनस्वास्थ्य सेवा केन्द्रलाई भक्तपुर नगरपालिकाले वि.सं. २०७८ साउन १ गतेदेखि ख्वप अस्पतालका रूपमा सञ्चालन गरेको हो। २०७३ सालमा २५ शय्याको अस्पताल सञ्चालनको स्वीकृति प्राप्त भएको थियो र पछि सेवा विस्तार गर्दै प्रदेश स्वास्थ्य मन्त्रालयबाट १०० शय्यासम्म सञ्चालन गर्ने स्वीकृति पनि प्राप्त भएको थियो।



### ख्वप अस्पतालको वार्षिक सेवा प्रवाह

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालमा वार्षिक रूपमा लाखौं सेवाग्राहीले अस्पतालबाट स्वास्थ्य सेवा लिइरहेका छन्। आ.व. २०८२/८३ मा भक्तपुरसहित विभिन्न ७४ जिल्लाका ३ लाख २७ हजार ३१८ जना बिरामीलाई स्वास्थ्य उपचार सेवा प्रदान गरेको छ। यो सङ्ख्या आ.व. २०८१/८२ मा सेवा लिएका २ लाख ८८ हजार ९४६ जनाको तुलनामा ३८ हजार ३७२ जना (करिब १३.३ प्रतिशत) ले बढी हो।

ख्वप अस्पतालमा हाल विभिन्न स्वास्थ्य सेवाअन्तर्गत कुल २०१ जना स्वास्थ्यकर्मी तथा कर्मचारीहरू कार्यरत छन्। अस्पतालमा ४७ जना कन्सल्टेन्ट (विशेषज्ञ चिकित्सक), २७ जना मेडिकल अफिसर, ३ जना बीडीएस (दन्त चिकित्सक), ८० जना स्टाफ नर्स तथा ४४ जना प्यारामेडिक्स कार्यरत छन्। यी जनशक्तिमार्फत अस्पतालले विशेषज्ञ सेवा, आकस्मिक उपचार, नर्सिङ सेवा तथा अन्य स्वास्थ्य सेवाहरू प्रभावकारी रूपमा प्रदान गर्दै आएको छ।

आर्थिक वर्ष २०८२/८३ मा ख्वप अस्पतालले विभिन्न निदान, उपचार तथा सहायक स्वास्थ्य सेवामार्फत उल्लेखनीय सेवा प्रदान गरेको छ। यस अवधिमा अस्पतालको प्रयोगशालाबाट १ लाख २७ हजार १२० जना बिरामीले सेवा लिएका छन् भने ४२ हजार ९४२ जनाले एक्स-रे, २७ हजार ४३४ जनाले भिडियो एक्सरे, १४ हजार ६२७ जनाले ईसीजी, ४ हजार ५३४ जनाले इको र १ हजार २६९ जनाले सी.टी.जी. सेवा प्राप्त गरेका छन्। त्यसैगरी, ९ हजार १४ जनाले ड्रेसिङ सेवा, १६ हजार ८४६ जनाले फिजियोथेरापी सेवा तथा ४ हजार ६१८ जनाले श्वासप्रश्वास पुन:स्थापना केन्द्रबाट सेवा लिएका छन्। अस्पतालले यस अवधिमा २ हजार ४६५ पटक एम्बुलेन्स सेवा, १ हजार १६ पटक कोभिड/सामान्य एम्बुलेन्स सेवा र २३१ पटक शववाहन सेवासमेत उपलब्ध गराई बिरामी तथा सेवाग्राहीलाई सहज र प्रभावकारी स्वास्थ्य सेवा प्रदान गरेको छ।

| ख्वप अस्पताल सेवा सम्बन्धी विवरण | संख्या |
|---|---|
| आर्थिक वर्ष २०८२।८३ मा सेवा लिएका बिरामी | ३,२७,३१८ |
| सेवा पुगेको जिल्ला | ७४ |
| आ.व. २०८१।८२ मा सेवा लिएका बिरामी | २,८८,९४६ |
| बिरामी संख्या वृद्धि | ३८,३७२ |
| वृद्धि प्रतिशत | करिब १३.३ प्रतिशत |

### नगरपालिकाबाट सञ्चालित सहरी स्वास्थ्य केन्द्रको सेवा

आर्थिक वर्ष २०८२/८३ मा भक्तपुर नगरपालिकाअन्तर्गत सञ्चालित सहरी स्वास्थ्य केन्द्र तथा आधारभूत स्वास्थ्य संस्थाहरूबाट हजारौँ सेवाग्राहीले आधारभूत स्वास्थ्य सेवा पाएका छन्। यस अवधिमा ब्यासी सहरी स्वास्थ्य क्लिनिकबाट २० हजार ४५२ जना, भगवती क्लिनिकबाट १६ हजार २४३ जना, भक्तपुर अस्पतालस्थित मातृ तथा शिशु स्वास्थ्य क्लिनिकबाट १४ हजार ३७५ जना, सल्लाघारी आधारभूत स्वास्थ्य केन्द्रबाट ६ हजार ५२३ जना, दत्तात्रय सहरी स्वास्थ्य केन्द्रबाट ४ हजार ९४८ जना तथा बेखाल स्वास्थ्य केन्द्रबाट २ हजार ५३२ जनाले स्वास्थ्य सेवा प्राप्त गरेका छन्। यी स्वास्थ्य संस्थामार्फत समुदायस्तरमै सहज, सुलभ र गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्दै नगरवासीको स्वास्थ्य पहुँच विस्तार गर्न महत्त्वपूर्ण योगदान पुगेको छ।

### १६ हजारभन्दा बढी अक्सिजन सिलिन्डर नि:शुल्क वितरण

भक्तपुर नगरपालिकाले नागरिकलाई गुणस्तरीय र सहज स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका साथ ख्वप अस्पतालमार्फत आवश्यक परेका बिरामीलाई नि:शुल्क अक्सिजन तथा रगत उपलब्ध गराउँदै आएको छ।

आर्थिक वर्ष २०८२/८३ मा ख्वप अस्पतालले बिरामीको उपचारका लागि आवश्यक अक्सिजन सेवा प्रभावकारी रूपमा उपलब्ध गराउँदै आएको छ। यस अवधिमा सानो अक्सिजन सिलिन्डर ९ हजार ३६४ वटा र ठुलो अक्सिजन सिलिन्डर ६ हजार ९६८ वटा गरी कुल १६ हजार ३३२ वटा अक्सिजन सिलिन्डर वितरण तथा उपयोग गरिएको छ।

अस्पतालले आकस्मिक, आईसीयू, श्वासप्रश्वाससम्बन्धी तथा अन्य उपचार आवश्यक भएका बिरामीलाई निरन्तर अक्सिजन सेवा उपलब्ध गराउँदै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ।

### नि:शुल्क रगत वितरण सेवा

भक्तपुर नगरपालिकाले नगरवासी जनताका लागि नि:शुल्क रगत उपलब्ध गराउने व्यवस्था सञ्चालन गर्दै आएको छ। ख्वप अस्पतालमार्फत पनि भक्तपुर नगरपालिकाले सम्पूर्ण नगरवासीलाई नि:शुल्क रगतको व्यवस्था गर्दै आएको छ। आर्थिक वर्ष २०८२/८३ मा भक्तपुर नगरपालिकाले नि:शुल्क रगत उपलब्ध गराउने कार्यक्रमअन्तर्गत नेपाल रेडक्रस सोसाइटी भक्तपुर शाखालाई रु. २७ लाख ४९ हजार २७५ भुक्तानी गरेको तथ्याङ्क छ।

### अन्तरङ्ग उपचार सेवा

आर्थिक वर्ष २०८२/८३ मा ख्वप अस्पताल अन्तरङ्ग सेवामार्फत कुल ३ हजार ६९५ जना बिरामी भर्ना भई उपचार सेवा प्राप्त गरेका छन्। विभागगत रूपमा औषधिमा १ हजार ४९ जना, स्त्री तथा प्रसूतिमा ८१४ जना, अर्थोपेडिक्समा ६७९ जना, शल्यचिकित्सामा ६३७ जना, बालरोगमा २९० जना, नाक-कान-घाँटीमा ९४ जना, आईसीयूमा ७६ जना तथा छाला तथा यौनरोगमा ५६ जना भर्ना भई उपचार सेवा लिएका छन्।

### शल्यक्रिया सेवा

आर्थिक वर्ष २०८२/८३ मा ख्वप अस्पतालमा विभिन्न प्रकृतिका कुल २ हजार ९२९ वटा शल्यक्रिया सफलतापूर्वक सम्पन्न भएका छन्। यसमध्ये १ हजार ५३८ वटा मेजर, १ हजार ७२ वटा माइनर तथा ३१९ वटा इन्टरमिडियट शल्यक्रिया गरिएको छ। त्यसैगरी, आधुनिक प्रविधिमार्फत ५०६ वटा ल्याप्रोस्कोपिक शल्यक्रिया सम्पन्न गरिएको छ, जसले कम चिरा, छिटो निको हुने र बिरामीमैत्री उपचार सेवाको विस्तार भएको देखाउँछ। प्रसूति सेवाअन्तर्गत १ हजार १५२ वटा कार्डियोटोकोग्राफी परीक्षण गरिएको छ, जसबाट गर्भवती तथा शिशुको स्वास्थ्य अवस्थाको नियमित निगरानी गरिएको छ।

### प्रसूति सेवा

आर्थिक वर्ष २०८२/८३ मा ख्वप अस्पतालमा कुल ३ हजार ६१ वटा शल्यक्रिया तथा प्रसूति सेवा प्रदान गरिएको छ। यस अवधिमा १७७ वटा सामान्य प्रसूति र ३५१ वटा सिजेरियन प्रसूति सम्पन्न भएका छन्। विभागगत रूपमा अर्थोपेडिक्समा ९००, जनरल सर्जरीमा ८३४, स्त्री तथा प्रसूतिमा ४७४, नाक-कान-घाँटीमा १५८, युरोलोजीमा १३६ तथा छाला तथा यौनरोगमा ३१ वटा शल्यक्रिया सम्पन्न भएका छन्। विशेषज्ञ चिकित्सक, आधुनिक उपकरण र दक्ष स्वास्थ्यकर्मीको सेवामार्फत अस्पतालले सुरक्षित प्रसूति तथा विभिन्न प्रकारका जटिल शल्यक्रिया सफलतापूर्वक सञ्चालन गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिरहेको छ।

### सुरक्षित मातृत्व

आर्थिक वर्ष २०८२/८३ मा ख्वप अस्पतालअन्तर्गत सञ्चालन भएको सुरक्षित मातृत्व कार्यक्रममार्फत कुल ७२६ जना गर्भवती तथा सुत्केरी महिलाले सेवा प्राप्त गरेका छन्। यस कार्यक्रमअन्तर्गत गर्भावस्थादेखि प्रसूति र प्रसूतिपश्चात् आवश्यक स्वास्थ्य परीक्षण, परामर्श तथा सुरक्षित मातृत्वसम्बन्धी सेवा प्रदान गर्दै आमा र नवजात शिशुको स्वास्थ्य संरक्षणमा महत्त्वपूर्ण योगदान पुर्‍याइएको छ। ख्वप अस्पतालको प्रसूति सेवा थप सहजताको लागि २०८२ असार १ गतेबाट आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो।

### विशेष तथा आधुनिक निदान एवं उपचार सेवा

आर्थिक वर्ष २०८२/८३ मा ख्वप अस्पतालले विभिन्न विशेष तथा आधुनिक निदान एवं उपचार सेवाहरू पनि सञ्चालन गरेको छ। यस अवधिमा ३२ वटा कोल्पोस्कोपी/युरोलोजी, ३४ वटा सिस्टोस्कोपी, ३४ वटा स्थायी परिवार नियोजन, ५३ वटा इन्डोस्कोपी तथा ८३० वटा सीटी-स्क्यान सेवा प्रदान गरिएको छ। त्यसैगरी, १२ वटा एन.पी.एल.सम्बन्धी सेवा पनि उपलब्ध गराइएको छ। यी विशेषज्ञ सेवाहरू सञ्चालनमा आएपछि बिरामीले जटिल रोगहरूको निदान तथा उपचारका लागि बाहिर जानुपर्ने आवश्यकता कम भई स्थानीयस्तरमै गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सहज भएको छ।

### स्वास्थ्य शिविर

आर्थिक वर्ष २०८२/८३ मा ख्वप अस्पतालले समुदायस्तरमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले विभिन्न स्वास्थ्य शिविर सञ्चालन गरेको छ। यस क्रममा दन्त स्वास्थ्य शिविर, बालरोग स्वास्थ्य शिविर, पाठेघरको मुखको क्यान्सर परीक्षण शिविर र अर्थोपेडिक (हाडजोर्नी) शिविरमार्फत कुल १ हजार ३४२ जनाले विशेषज्ञ सेवा प्राप्त गरेका छन्। यस्ता स्वास्थ्य शिविरहरूले समुदायस्तरमै रोगको प्रारम्भिक पहिचान, उपचार तथा स्वास्थ्य सचेतना अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुर्‍याएका छन्।

### सिटी स्क्यान सेवा

ख्वप अस्पतालले २०८२ माघ १ गतेबाट अत्याधुनिक सिटी स्क्यान सेवा सुरु गरेको छ। वाग्मती प्रदेश सरकारको ५ करोड रूपैयाँ अनुदान तथा भक्तपुर नगरपालिकाको करिब ६ करोड रूपैयाँ बजेट लगानीमा स्थापना गरिएको उक्त सेवाले भक्तपुरका साथै आसपासका जिल्लाका नागरिकलाई सहज, गुणस्तरीय र सुलभ स्वास्थ्य सेवा उपलब्ध भएको छ। अस्पतालको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८२/८३ मा ८३० जनाले सिटी स्क्यान सेवा लिएका छन्।

ख्वप अस्पतालमै सिटी स्क्यान सेवा सञ्चालनमा आएपछि जटिल रोगको पहिचान, आकस्मिक उपचार तथा विशेषज्ञ चिकित्सकीय सेवामा उल्लेखनीय सुधार भएको छ। आधुनिक प्रविधिसहितको सिटी स्क्यान सेवा सञ्चालनमा आएपछि बिरामी तथा सेवाग्राहीहरू खुसी भएका छन्। जटिल रोगको पहिचानका लागि अन्यत्र धाउनुपर्ने बाध्यता हटेको भन्दै उनीहरूले छिटो, भरपर्दो र गुणस्तरीय परीक्षण सेवा आफ्नै नगरमा उपलब्ध हुनु सकारात्मक उपलब्धि भएको बताउँछन्। ख्वप अस्पतालमा सिटी स्क्यान सेवा सुरु हुनु भक्तपुर नगरपालिकाको स्वास्थ्य क्षेत्र सुधार अभियानको अर्को महत्त्वपूर्ण उपलब्धिका रूपमा व्याख्या गर्न सकिन्छ।

### ख्वप-तिलगङ्गा आँखा अस्पतालले ३१ हजारभन्दा बढीलाई सेवा

भक्तपुर नगरपालिका र नेपाल आँखा कार्यक्रम, तिलगङ्गा आँखा प्रतिष्ठानको संयुक्त सञ्चालनमा रहेको ख्वप-तिलगङ्गा आँखा अस्पतालले आर्थिक वर्ष २०८२/८३ मा ३१ हजार ५५७ सेवाग्राहीलाई आँखा परीक्षण सेवा प्रदान गरेको छ। यस अवधिमा ८२३ जनाको मोतिबिन्दुको शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरेको छ।

अस्पतालमा विशेषज्ञ चिकित्सकद्वारा मोतिबिन्दु, जलबिन्दु, रेटिना (आँखाको पर्दा), युवाइटिस (आँखाको मध्यपत्र), बाल आँखा रोगलगायत विभिन्न आँखा रोगहरूको परीक्षण, उपचार तथा शल्यक्रिया सेवा उपलब्ध छन्। अत्याधुनिक ओसीटी र रेटिनल लेजर प्रविधिमार्फत गुणस्तरीय उपचार प्रदान गर्दै अस्पतालले नियमित आँखा शिविर, आँखा दान प्रतिज्ञा अभियान तथा समुदायमुखी कार्यक्रम सञ्चालन गरी आँखा उपचार सेवाको पहुँच विस्तार गरिरहेको छ।

अस्पतालमा आधुनिक प्रविधि, अनुभवी विशेषज्ञ चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीमार्फत गुणस्तरीय, भरपर्दो र सहज आँखा उपचार सेवा प्रदान हुँदै आएको छ। यहाँ सामान्यदेखि जटिल आँखाका रोगहरूको परीक्षण, उपचार तथा शल्यक्रियासमेत प्रभावकारी रूपमा उपलब्ध छन्।

मोतिबिन्दुको शल्यक्रियाअघि आवश्यक पर्ने आँखाको सटीक मापनका लागि अत्याधुनिक अप्टिकल सेवा पनि सञ्चालनमा रहेको छ। यस प्रविधिबाट शल्यक्रियापछि प्रत्यारोपण गरिने कृत्रिम लेन्सको सही मापन गर्न सकिने भएकाले शल्यक्रियालाई अझ सुरक्षित, प्रभावकारी र सफल बनाउन सहयोग पुग्ने अस्पतालले जनाएको छ। यसै आर्थिक वर्षदेखि अत्याधुनिक ओ.सी.टी. सेवा पनि सञ्चालनमा ल्याइएको छ, जसबाट रेटिना (आँखाको पर्दा) सम्बन्धी रोगहरूको सूक्ष्म तथा प्रभावकारी परीक्षण गर्न सकिन्छ।

तिलगङ्गा आँखा प्रतिष्ठानसँगको सहकार्यमा हरेक मङ्गलबार विभिन्न विधामा फेलोसिप प्राप्त विशेषज्ञ चिकित्सकद्वारा विशेष आँखा रोग सेवा प्रदान गरिँदै आएको छ। त्यसैगरी, आइतबार, सोमबार, बुधबार र बिहीबार रेटिना रोग विशेषज्ञ, मङ्गलबार युवाइटिस विशेषज्ञ तथा शुक्रबार ओकुलोप्लास्टी विशेषज्ञद्वारा नियमित सेवा उपलब्ध गराइँदै आएको छ।

अस्पतालले बिहान ८:०० बजेदेखि बेलुका ४:३० बजेसम्म नियमित रूपमा सेवा प्रदान गर्दै आएको छ।

अस्पतालका व्यवस्थापक धिरज अधिकारीका अनुसार आगामी वर्षहरूमा भक्तपुर तथा आसपासका जिल्लाका नागरिकले आँखासम्बन्धी सम्पूर्ण उपचार सेवा यही अस्पतालबाट प्राप्त गर्न सकून् भन्ने लक्ष्यका साथ सेवा, विशेषज्ञता तथा अत्याधुनिक प्रविधिको निरन्तर विस्तार गरिने बताउँदै यसबाट सामान्यदेखि जटिल प्रकृतिका आँखा रोगहरूको उपचारका लागि अन्यत्र जानुपर्ने आवश्यकता क्रमश: अन्त्य हुने विश्वास लिएको बताउनुभयो।

### घरदैलो नर्सिङ सेवा

भक्तपुर नगरपालिकाले नगरवासीलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा घरमै उपलब्ध गराउने उद्देश्यले घरदैलो नर्सिङ सेवा सञ्चालन गर्दै आएको छ। यस सेवामार्फत प्रशिक्षित नर्सहरू बिरामीको घरमै पुगेर स्वास्थ्य परीक्षण, परामर्श, आवश्यक नर्सिङ सेवा तथा स्वास्थ्य शिक्षा प्रदान गर्ने गर्छन्। विशेष गरी ज्येष्ठ नागरिक, दीर्घरोगी, अशक्त, सुत्केरी महिला, नवजात शिशु तथा नियमित स्वास्थ्य निगरानी आवश्यक पर्ने व्यक्तिहरू यस सेवाबाट लाभान्वित हुँदै आएका छन्। उक्त सेवाको लागि आवश्यक जनशक्ति र सामग्रीको व्यवस्थापन ख्वप अस्पतालमार्फत गरिँदै आएको छ, जसले नगरवासीलाई अस्पताल धाउनुपर्ने झन्झट कम गरी समयमै स्वास्थ्य सेवा पुर्‍याउन महत्त्वपूर्ण भूमिका खेलेको छ।

*बाँकी पृष्ठ ८ मा*

***जनविश्वासको...***

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित घरदैलो नर्सिङ सेवाअन्तर्गत आर्थिक वर्ष २०८२/८३ मा नगरका २८ हजार ६० घरधुरीलाई स्वास्थ्य सेवा प्रदान गरेको छ । यस सेवाबाट कुल ५४ हजार १८७ जना लाभान्वित भएका छन् ।

आ.व. २०८२/८३ को प्रतिवेदनअनुसार समुदायमा उच्च रक्तचाप सबैभन्दा बढी देखिएको रोगका रूपमा रहेको छ । प्रतिवेदनअनुसार उच्च रक्तचापका १३ हजार ९४, मधुमेहका ६ हजार ६४२ तथा नसासम्बन्धी रोगका ७ हजार ४२३ बिरामी रहेका छन् । त्यसैगरी, थाइराइडका १ हजार ५५३, दमका १ हजार ८०३, कोलेस्ट्रोलका १ हजार ४९२, हाडजोर्नीका १ हजार ६४, ग्यास्ट्रिकका ८७५, मानसिक रोगका ३६५ तथा क्यान्सरका १७१ बिरामी समुदायमा भेटिएका छन् ।

घरदैलो नर्सिङ सेवाअन्तर्गत आर्थिक वर्ष २०८२/८३ भरि समुदायमा विभिन्न स्वास्थ्यसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ । साउन महिनामा स्तनपान तथा पोषण, भदौमा डेङ्गु तथा दन्त स्वास्थ्य, असोजमा उच्च रक्तचाप तथा मानसिक एवं दन्त स्वास्थ्य, कार्तिकमा मधुमेह र सरसफाइ, मङ्सिरमा थाइराइड तथा महिनावारी सरसफाइ, पुसमा दीर्घ श्वासप्रश्वास र रेबिज, माघमा हृदयाघात र प्राथमिक उपचार, फागुनमा उच्च रक्तचाप तथा आँखाको सामान्य हेरचाह, चैतमा हृदयाघात तथा दृष्टि परीक्षण, वैशाखमा विषादी सचेतना र पोषण, जेठमा डिफ्थेरिया तथा महिनावारी सरसफाइ र असारमा डेङ्गुसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको ख्वप अस्पतालको प्रतिवेदनमा उल्लेख छ । यस किसिमका सचेतना कार्यक्रममार्फत समुदायमा रोगको रोकथाम, समयमै पहिचान तथा स्वस्थ जीवनशैली अपनाउने विषयमा जनचेतना अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

**नागरिक आरोग्य केन्द्र**

भक्तपुर नगरपालिकाले नागरिकलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले वडा नं. ६, चोछेँमा नागरिक आरोग्य केन्द्र सञ्चालन गर्दै आएको छ । केन्द्रमार्फत आयुर्वेद तथा वैकल्पिक उपचार सेवा, स्वास्थ्य परीक्षण, औषधि वितरणलगायतका स्वास्थ्य सेवाहरू प्रदान गरिँदै आएको छ । यस केन्द्रले स्थानीय नागरिकलाई समुदायस्तरमै निःशुल्क तथा सहज स्वास्थ्य सेवा उपलब्ध गराउँदै रोगको रोकथाम, स्वास्थ्य प्रवर्द्धन र स्वस्थ जीवनशैलीको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ । भक्तपुर नगरपालिकाले जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भक्तपुरसँग समन्वय गरी आयुर्वेद स्वास्थ्य सेवासम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएको छ ।

**ख्वप अस्पतालको सेवाप्रति सेवाग्राहीको धारणा**

ख्वप अस्पतालप्रति सेवाग्राहीको सकारात्मक धारणा रहेको छ । अस्पताल ३६५ दिन सञ्चालनमा रहेकोले वर्षभरि नै स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध भएको भन्दै सेवाग्राहीहरू अस्पतालको सेवाप्रति सकारात्मक छन् । उनीहरूले स्वास्थ्य बीमा कार्यक्रम प्रभावित भएको अवस्थामा समेत बीमामार्फत सेवा निरन्तर उपलब्ध गराउँदै आएको, अन्य सरकारी अस्पतालको तुलनामा सेवा राम्रो भएको, पूर्वाधार तथा सेवामा निरन्तर सुधार हुँदै गएको र उपचार सेवा प्रभावकारी रहेको बताएका छन् । कतिपय सेवाग्राहीले आफूले प्राप्त गरेको सेवा उत्कृष्ट रहेको प्रतिक्रिया दिएका छन् । साथै अस्पताललाई थप प्रभावकारी बनाउन कर्मचारीको व्यवहार अझै सेवामैत्री र सौहार्दपूर्ण हुनुपर्ने, टिकट वितरण र चिकित्सकको सेवा समय व्यवस्थापन सुधार गर्नुपर्ने, औषधि उपलब्धता सुनिश्चित गर्नुपर्ने, ज्येष्ठ नागरिकलाई प्राथमिकता दिनुपर्ने, भिडियो एक्स-रे तथा अन्य सेवामा लाइन व्यवस्थापन सहज बनाउनुपर्ने, सुत्केरीका लागि आईसीयू सेवा विस्तार गर्नुपर्ने तथा अस्पताल परिसर र प्रयोगशालाको व्यवस्थापन थप व्यवस्थित बनाउनुपर्ने सुझाव दिएका छन् । समग्रमा, सेवाग्राहीहरूले ख्वप अस्पतालप्रति विश्वास व्यक्त गर्दै अस्पतालका कमी कमजोरीलाई क्रमशः सुधार गर्दै अझ गुणस्तरीय, प्रविधिमैत्री र सेवाग्राहीमैत्री स्वास्थ्य सेवाको अपेक्षा रहेको बताएका छन् ।

**अस्पतालका भावी योजनाहरू :**

ख्वप अस्पतालको भावी योजनाबारे अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले ख्वप अस्पतालले आर्थिक वर्ष २०८३/८४ मा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्दै अत्याधुनिक प्रविधि, विशेषज्ञ सेवा विस्तार र आधारभूत स्वास्थ्य सेवाको पहुँच बढाउने लक्ष्यसहित विभिन्न महत्त्वपूर्ण योजना तथा कार्यक्रम अघि सारेको बताउनुभयो ।

उहाँले आगामी आर्थिक वर्षमा उच्चस्तरीय निदान सेवालाई थप सुदृढ बनाउन अत्याधुनिक एमआरआई मेसिन खरिद, जडान तथा सञ्चालनमा ल्याइने जसबाट बिरामीहरूले सहज, छिटो र गुणस्तरीय रेडियोलोजी सेवा प्राप्त गर्ने अपेक्षा गरेको बताउनुभयो ।

त्यसैगरी, जटिल तथा गम्भीर अवस्थाका बिरामीहरूको उपचारका लागि आवश्यक पूर्वाधार, अत्याधुनिक उपकरण र दक्ष जनशक्तिसहित सघन उपचार कक्ष (आई.सी.यू.) स्थापना गरी सञ्चालनमा ल्याइने योजना रहेको उहाँले बताउनुभयो । असमयमा जन्मिएका, कम तौल भएका तथा विशेष उपचार आवश्यक पर्ने नवजात शिशुहरूको उपचारका लागि नवजात शिशु सघन उपचार कक्ष स्थापना गरी मातृ तथा शिशु स्वास्थ्य सेवालाई थप प्रभावकारी र सुदृढ बनाउने लक्ष्य लिएको पनि उहाँले बताउनुभयो ।

स्वास्थ्य सेवाको पहुँचलाई समुदायस्तरसम्म विस्तार गर्ने उद्देश्यले भक्तपुर नगरपालिका वडा नं. ७ मा प्राथमिक स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइने, वडा नं. १ स्थित आधारभूत स्वास्थ्य केन्द्रको सेवा तथा पूर्वाधार स्तरोन्नति गर्नुका साथै त्यहीँ प्राथमिक आँखा उपचार केन्द्र स्थापना गरी स्थानीयवासीलाई आफ्नै क्षेत्रमा गुणस्तरीय आँखा उपचार सेवा उपलब्ध गराउने योजना पनि ख्वप अस्पतालले राखेको छ ।

बढ्दो बिरामीको चापलाई व्यवस्थापन गर्दै विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न विभिन्न विधाका विशेषज्ञ चिकित्सकहरूको सङ्ख्या वृद्धि गरिने जसबाट स्वास्थ्य सेवाको गुणस्तर र प्रभावकारितामा उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको डा. मल्लले बताउनुभयो ।

यसका साथै, अस्पतालको भौतिक पूर्वाधार, अत्याधुनिक स्वास्थ्य उपकरण, सूचना प्रविधि, मानव स्रोत विकास तथा सेवा व्यवस्थापनमा सुधार गर्दै संस्थागत क्षमता अभिवृद्धि र सुदृढीकरण गरिने निमित्त मेडिकल डाइरेक्टर मल्लले जानकारी दिनुभएको छ ।

***देशको...***

खरिद बिक्री अवैध भएको ठहर गर्दै सर्वोच्च अदालतले गरेको एक फैसलाले एनसेलले तथ्य लुकाउने गरेको भन्दै दूरसञ्चार प्राधिकरणलाई प्रभावकारी नियमन गर्न निर्देशनात्मक आदेश दियो । तत्कालीन प्रम र सूचनामन्त्रीलाई कारबाही नगरिए यस्ता घटना फेरि फेरि दोहोरिने निश्चित छ ।

- सरकारले मिटरब्याजसम्बन्धी फर्जी तथा अनुचित लेनदेनको आधारमा तयार गरिएका लिखतहरू अवैध घोषणा गर्ने निर्णय गऱ्यो । अघिल्लो सरकारले पनि यस्तै घोषणा गरेको थियो तर मिटरब्याज पीडितहरूमाथि शोषण यथावत रह्यो । साथै होल्डिङ सेन्टरमा रहेका सुकुमवासीलाई स्थायी ठेगानामै फर्काइने समाचार पनि प्रकाशित भयो । सुकुमवासीलाई जस्तै हुकुमवासीलाई पनि आ-आफ्नै जिल्लाको विकासमा संलग्न गराउनेतर्फ उत्साहित गरिनु पर्दछ ।
- लोक सेवा आयोगको तयारी गरिरहेका विद्यार्थीहरूले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको स्वीकृतिबिना निजामती सेवामा पदपूर्ति गर्न नपाइने व्यवस्था खारेज गर्न माग गर्दै बुधबार माइतीघर मण्डलामा विरोध प्रदर्शन गरे । रास्वपालाई यस्तो निर्णय गर्न लगाउने सल्लाहकार र कर्मचारी को को हुन् ? उनीहरूलाई कारबाही हुनु जरुरी छ ।
- नेपालमा भदौ २३ र २४ गतेको नयाँ पुस्ताको आन्दोलनले सरकार परिवर्तन भयो । तर, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण नभएसम्म देश र जनताको अवस्था फेरिने छैन । नेका, एमाले, माओवादी, रास्वपाले पालैपालो सरकार चलाएर देश र जनताको अवस्था फेरिँदैन । किनभने, यी सबै पार्टीहरूको आर्थिक र विदेश नीतिमा कुनै तात्त्विक फरक छैन ।
- अमेरिकाको न्युयोर्कमा असार ३१ गतेदेखि साउन २ गतेसम्म आयोजित संयुक्त राष्ट्रसङ्घीय बसोबाससम्बन्धी कार्यक्रममा पूर्वाधार विकासमन्त्रीले मन्त्रालयका सचिव गोपाल सिग्देललाई नपठाई आफ्नै सचिवालयका सचिव सन्तोष पाण्डेलाई पठाए । त्यसको उपलब्धि के रह्यो ? आफ्नो मान्छेलाई अमेरिका घुम्न पठाएर देशको हित हुन्न । देश र जनताको हितको लागि भए फर्केपछि अनुभव लेखेर जनतालाई सूचित गर्न लगाउनु जरुरी छ ।
- निसिखोला गाउँपालिका ३ ढाडखर्ककी ३९ वर्षीया सुत्केरी महिला मीना सुनारलाई हेलिकप्टरबाट उद्धार गरेर पोखरा ल्याइए पनि मृत्यु भएको खबर छ । सरकारले स्थानीय तहको अस्पतालमा जनशक्ति र उपकरण व्यवस्था नगरेसम्म यस्तो समस्या दोहोरिरहनेछ ।

***सक्षम...***

अझ प्रभावकारी बनाउने धारणा व्यक्त गर्नुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य सुवेगमान बिजुक्छेँले कलेजले विद्यार्थीहरूको प्रतिभा, सिर्जनशीलता र प्राविधिक दक्षतालाई उजागर गर्न निरन्तर अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

यसअघि आर्किटेक्टर विभाग प्रमुख आर्किटेक्ट अर्चना बाडे श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । उहाँले प्रदर्शनीको उद्देश्य विद्यार्थीहरूमा नवप्रवर्तनको भावना विकास गर्नु, शैक्षिक सहकार्यलाई सुदृढ बनाउनु तथा उनीहरूले गरेका अध्ययन, अनुसन्धान र डिजाइन कार्यहरू समाजसमक्ष प्रस्तुत गर्न अवसर सिर्जना गर्नु रहेको बताउनुभयो ।

विभिन्न इन्जिनियरिङ तथा वास्तुकला विषयका विद्यार्थीहरूको सहभागितामा सम्पन्न भइरहेको 'आरोहण - २ राष्ट्रिय प्रदर्शनी' ले ज्ञान आदानप्रदान, अन्तरविषयगत सहकार्य तथा व्यावसायिक अन्तरक्रियालाई प्रवर्द्धन गर्नुका साथै ख्वप इन्जिनियरिङ कलेजको शैक्षिक उत्कृष्टता, नवप्रवर्तन र विद्यार्थीहरूको समग्र व्यक्तित्व विकासप्रतिको प्रतिबद्धतालाई थप सुदृढ बनाएको छ ।

दुई दिनसम्म सञ्चालन हुने उक्त प्रदर्शनी सर्वसाधारण, विद्यार्थी, शिक्षक, प्राध्यापक, अनुसन्धानकर्ता तथा पेसागत क्षेत्रका व्यक्तिहरूका लागि खुला रहनेछ । प्रदर्शनीमार्फत आगन्तुकहरूले विद्यार्थीहरूले तयार पारेका उत्कृष्ट थेसिस, अनुसन्धान, डिजाइन तथा प्राविधिक परियोजनाहरू अवलोकन गर्न सक्नेछन् ।


## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### २०८३ असार मसान्तसम्मको वित्तीय विवरण (अपरिष्कृत)

| | |
|---|---|
| शेयर पुँजी | २५,३६,४६,७००।- |
| जगेडा कोष | २८,६०,०४,८५६।- |
| कुल संस्थागत पुँजी | २८,६०,०४,८५६।- |
| कुल बचत रकम | २,६९,५८,८७,४४७।- |
| ऋण लगानी | १,९६,५२,१५,८५६।- |
| कुल सम्पत्ति | ३,३९,८०,८९,८३२।- |
| तरलता (प्राधिकरणको मापदन्डबमोजिम) | ६२,८९,४३,१८३।- |
| तरलता रकम | १,२८,३८,९८,८१०।- |
| शेयर सदस्य सङ्ख्या | १७४६४ |
| ऋणी सदस्य सङ्ख्या | १४३८ |
| तरलता (प्राधिकरणको मापदन्डबमोजिम) | २३.३३% |
| तरलता प्रतिशत | ४७.६२% |

### दुईहप्ते एड्भान्स फोटोग्राफी तालिमसम्बन्धी सूचना




*पुनश्च : तालिममा बढीमा १५ जना मात्र सहभागी गराइने हुँदा पहिले आउनेलाई पहिलो प्राथमिकता दिइनेछ ।*

**युवा उपसमिति**

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५

Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

### शैक्षिक ऋणसम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०४/०८ गते**

आ.व. २०८३/८४ को लागि भक्तपुर नगरपालिका क्षेत्रभित्रका स्थानीय विपन्न विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न शैक्षिक ऋण प्रदान गर्ने भएकोले शैक्षिक ऋण लिन चाहने नगरवासी विद्यार्थीहरूले मिति २०८३/०४/२८ गते (प्रथम पटक प्रकाशित मितिले २१ दिन) भित्र देहायका कागजातसहित सम्बन्धित वडा कार्यालयमा दर्खास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. तोकिएको ढाँचामा निवेदन,
२. सम्बन्धित वडा कार्यालयको शैक्षिक ऋणको लागि सिफारिसपत्र,
३. निवेदक तथा अभिभावकको नागरिकता प्रतिलिपि,
४. निवेदकको शैक्षिक प्रमाणपत्र, लब्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र प्रतिलिपि र
५. परिवारका सदस्यहरूमध्ये सम्भव भएसम्म दुई जनाको सहमतिपत्र ।



## भक्तपुर नगरपालिका
## अरनिको सभा भवन निर्माण आयोजना

प्रदेश - ३, वाग्मती, देकोचा, भक्तपुर - ६

### आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

**प्रकाशित मिति : २०८३/०४/०८ गते**

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित अरनिको सभा भवन निर्माण कार्य (चौथो चरण: Construction of Araniko Sabhabhawan Finishing Works (Phase-IV)) (ठेक्का नं. Araniko/NCB/works/03/082/83)को लागि PPMO को www.bolpatra.gov.np/egp बाट मिति २०८३/०२/२५ गते प्रकाशित सूचनाअनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूमध्ये मिति २०८३/०४/०६ गते बसेको बोलपत्र मूल्याङ्कन समितिबाट तपसिल कम्पनीहरूको प्राविधिक प्रस्तावमा सफल भई आएकोले सार्वजनिक खरीद नियमावली, २०६४(संशोधनसहित) को नियम ३१ (ज) को उपनियम ५ बमोजिम आर्थिक प्रस्ताव खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | सफल बोलपत्रदाताको नाम | ठेगाना | आर्थिक प्रस्ताव खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|
| १. | RR-Harati Mata - TM JV | Suryamadi - 01, Bhaktapur | **मिति:** २०८३ साउन १४ गते, बिहीबार<br>**समय:** दिउँसो २:०० बजे ।<br>**स्थान:** भक्तपुर नगरपालिका कार्यालय, ब्यासी-२, भक्तपुर |
| २. | Smart Builders Nepal Pvt.Ltd. | Raniban, Kathmandu | |



प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा